# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**13th JUNE 2014**

| वर्ष- ३२ | अङ्क- २ | ज्या: पुन्हि | ज्येष्ठ २०७१ |
|---|---|---|---|




श्रद्धावान् शीलवान् र यशका भागी व्यक्ति जहाँ गएपनि सम्मान सत्कारको पात्र बन्दछ ।

साधु-सन्तहरू टाढा बसेपनि हिमालय झैं चम्कन्छ, असत्पुरुषहरू रातको अन्धकारमा छोडेको बाण झैं अदृष्य रहन्छन् ।

एउटै आसनमा बस्ने र एउटै शय्यामा सुत्ने, आलस्य रहित तथा एक्लै विचरण गरेर आत्म दमन गर्ने पुरुष आनन्द पूर्वक जङ्गलमा बास गर्दछ ।

असत्यवादी नरकमा जान्छ, गरेर पनि गरेको छैन भनी झूठो कुरा गर्ने व्यक्ति पनि नरकमा जान्छ । यी दुबै प्रकारमा नीच कार्य गर्ने व्यक्तिहरू मृत्यु पछि समान हुन्छन् ।

*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्वत् २५५८

नेपाल सम्वत् ११३४

इस्वी सम्वत् २०१४

बिक्रम सम्वत् २०७१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# दान र त्याग

मेरो मेरो भनी भित्री मन देखि आशक्तवस च्यापेर राखेको कुनै पनि सजीव निर्जीव चीज वस्तु अरुको उपकारार्थ त्याग गर्ने कार्यलाई दान भनिन्छ। अर्को शब्दमा भन्ने हो भने कञ्जुसीपनालाई त्याग गरी अरुको उपकार हेतु त्याग गर्ने कार्यलाई दान भनिन्छ। त्यसैले त्याग चेतना नभएको, देखावटी दानलाई सही दान भन्न मिल्दैन। दानको महत्त्व तब मात्र हुन्छ, जब त्याग चेतनाले ठाउँ लिन्छ।

अभाव भइरहेको चीज दान दिंदा यस कार्यले धेरै उपकार हुनेछ। त्यसैले सम्पन्न व्यक्तिले विपन्न व्यक्तिलाई आफूले सक्दो दान दिने बानी बसाल्दा गरीबी निवारण कार्यमा टेवा पुग्न जानेछ। अरुको भलो र उपकार गर्ने लक्ष बोकी दान दिने बानी जति दृढ हुँदै जानेछ त्यति नै चित्त निश्वार्थ र शुद्ध हुनेछ। शुद्ध चित्तले गरेको कार्यले मात्र शुद्ध फल मिल्नेछ।

आजभोली धनी देशले गरीब देशलाई सहयोगार्थ जति पनि काम गर्ने गरिन्छ, त्यो पनि एक प्रकारको दान नै हो। तर सहयोग पाउने देशलाई सहयोग दिने देशले आफ्नो अधिनमा राख्ने नियतले सहयोग गर्छ भने त्यसलाई निश्वार्थ र शुद्ध दान भन्न मिल्दैन। यसलाई स्वार्थयुक्त एवं दुषित, दुर्गन्ध मिश्रित दान भनिन्छ। दुषित चित्तले दिएको दानको फल पनि दुषित रुपमा नै प्राप्त भइरहेको हुन्छ।

यसरी नै केही चीज दान गरेर त्यसको बदला धेरै फलको इच्छा गर्छ भने त्यो दान पनि उत्तम दान हुँदैन। यसरी धेरै फलको आशा राखेर दिइने दान, पैसा सापटी दिएर ब्याजको लोभ गरे सरह हुनेछ।

त्यत्ति मात्र होइन, कसैलाई दान दिइसकेपछि त्यो दान लिने व्यक्ति नराम्रो चरित्रको रहेछ भन्ने कुरा थाहा पाएपछि र दान लिने व्यक्ति आफ्नो कुरा नमान्ने खालको परेछ भन्ने थाहा पाएपछि चित्त दुखाई बेकारमा त्यस्ता व्यक्तिलाई दान दिएँछु भनी मन खिन्न पार्ने पनि हुन्छन्। त्यस्ता दाताहरूको दानको फल पनि शुद्ध हुन सक्दैन। किनभने जस्तो बीऊ रोप्छ, त्यस्तै फल प्राप्त हुन्छ।

भगवान् बुद्धले त्याग चेतना बलियो पार्नको लागि नै दानको महत्त्व विषयमा उपदेश दिनुभएको हो। जति जति त्याग चेतना शुद्ध हुन्छ, त्यति त्यति आध्यात्मिक (मानसिक) सुखले स्थान ओगट्नेछ। तर आजभोलि आफूलाई प्राप्त हुने सक्कली सुखको महत्त्व नबुझेको कारणले नक्कली सुख (भौतिक सुख) को पछि दगुर्दै लोभयुक्त चित्तले काम गर्न पुग्छन्। किनभने आजको समाज धन, मान र नाम कमाउने लोभमा ग्रसित देखिन्छन्।

तर बुद्ध बन्ने लक्ष बोकेका बोधिसत्त्वहरू नक्कली सुखको लोभमा फसेका हुँदैनन्। उनीहरूको लक्ष नै बोधिज्ञान प्राप्त गर्नु हो। त्यस्ता व्यक्तिको मन निश्वार्थ हुन्छ। एवं लोभयुक्त दूषित चेतना रहित हुन्छ।

बोधिसत्त्वले पूरा गर्नुभएको दश पारमिता मध्ये पहिलो पारमिता नै दान पारमिता हो। दान पारमिता पूरा गर्ने क्रममा बोधिसत्त्वले प्रव्रजित भिक्षुहरूलाई मात्र दान गर्नु भएको होइन। आफ्नो तर्फबाट जसलाई उपकार गर्ने मौका प्राप्त हुन्छ, त्यसलाई दान दिने गर्नुभएको थियो। उहाँले शीलवान्, पवित्र व्यक्तिलाई मात्र छानेर दान दिनुभएको कदापि थिएन। जसलाई जुनबेला जे चीज बस्तु आफूले दिएर उपकार हुने देख्नु भयो, त्यसलाई त्यही चीज बस्तु दिएर उपकार गर्नुभयो। उपकार भएको देखेर प्रसन्न चित्तले पुण्य कमाउनु भयो।

उदाहरणको लागि शिवि राजाले आँखा दान दिंदा आँखा दान लिने व्यक्ति कुनै ठूलो गुण धर्म भएको व्यक्ति थिएन। त्यसरी नै विश्वन्तर राजकुमार हुँदा बोधिसत्त्वले आफ्ना छोराछोरी दान दिंदा दान लिने व्यक्ति दुष्ट र लोभी चरित्रको ब्राह्मण थियो। उहाँ त्यस्तो अवस्थामा आफ्नो चित्त निश्वार्थ पार्न कतिको शहनशीलता गुणले स्थान ओगट्न सक्षम भइयो भनी जाँच्नको लागि पनि दान पारमिता पूरा गर्नुभएको देखिन्छ। उहाँको प्रमुख लक्ष नै बोधिज्ञान प्राप्त गर्नको लागि चित्त निश्वार्थ र दृढ पार्नु हो। त्यसैले बोधिसत्त्व विश्वन्तरले आफ्नो अगाडि दुशील ब्राह्मणले आफ्नो छोराछोरीलाई दान लिएर गएपछि दुशील व्यक्तिलाई दान दिन पुगें भनी पश्चाताप गर्नु भएन। बोधिसत्त्वको त्याग चेतनाको महत्त्व यहाँनेर आउँछ। यस्तो अवस्थामा उहाँले आफ्नो मन कतिसम्म त्याग गर्न सक्षम भइयो र बुद्ध बन्नको लागि योग्य भयो वा भएन भन्ने विषयमा परिक्षा गरेर हेर्नुभयो। यो भयो बुद्ध बन्ने उत्तम बोधिसत्त्व व्यक्तिको कुरो।

अब हामी जस्तो साधारण व्यक्तिले कस्तो व्यक्तिलाई दान गर्दा उत्तम हुनेछ भन्ने विषयमा चर्चा गरौं।

एकदिन इर्ष्यालु दुषित चित्त सहितको व्यक्तिहरूले भगवान् बुद्धप्रति द्वेषभाव राखी यसरी हल्ला फैलाएछ–

“भगवान् बुद्धले आफूलाई र आफ्ना शिष्य भिक्षुहरूलाई मात्र दान दिनु र अरूलाई नदिनु भन्ने गर्नुहुन्छ।”

यस्ता कुप्रचारले कोशल राज्यमा हलचल मच्चाइदियो। कोशल देशका राजा प्रसेनजितले विचार गर्‍यो–



Downloaded from http://www.dhamma.digital

"भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले त यस्तो भन्नु हुन्न होला। तर जे भएपनि यस्तो कुप्रचार विषयले फैलाएको भ्रम निवारण गर्नु राम्रो होला।"

यस्तो विचार गरी राजाले देशभरि यसरी झ्याली पिटाइदियो– "आफ्ना शिशुलाई दूध पिलाउनु पर्ने महिलाहरू बाहेक अरु सबै जनताहरू फलाना ठाउँमा हाजिर हुन अनिवार्य छ। जुन ठाउँमा भगवान् बुद्ध पनि निमन्त्रणा गरिएको छ।"

राजाको आज्ञा अनुसार जनताहरू तोकिएको स्थानमा जम्मा भए, जहाँ भगवान् बुद्ध स्वयं उपस्थित हुनु भएको थियो। त्यसपछि राजाले भगवान् बुद्धलाई वन्दना गर्नुभएपछि यसरी प्रश्न गर्नुभयो– "भो भगवान्! कस्तो व्यक्तिलाई दान दिन उचित हुन्छ ?"

राजाको यस प्रश्नलाई भगवान् बुद्धले यसरी उत्तर दिनुभयो– **"यत्थ चित्तं पसीदति तत्थ दातब्बं"**

अर्थात्– "जसलाई मनपर्छ, उसलाई दान दिन हुन्छ।"

भगवान् बुद्धको उत्तर सुनिसकेपछि जनताहरू एक आपसमा कानेखुशी गर्न थाले– "बेकारमा हामीले बुद्धलाई दोषारोपण गर्न पुगेछौं र पाप कमायौं।"

त्यसपछि राजा कोशलले फेरि प्रश्न गर्‍यो– "भन्ते ! कस्तो व्यक्तिलाई दान दिंदा बढी फल पाउने छ ?"

बुद्ध भन्नुहुन्छ– "त्याग चेतनाले दान गरेको भए जसलाई दिएपनि फल पाउनेछ। तर शीलवान् र चरित्रवान् व्यक्तिलाई दिएको दानको फल महत्त्वको हुनेछ र बढी पुण्यलाभी हुनेछ।"

प्रसङ्गवस यहाँ स्वामी विवेकानन्दको एक घटना प्रस्तुत गर्न उपयुक्त हुनेछ। एकदिन उहाँ गङ्गाको छेउमा घुम्न जानुभयो। धेरै साधुहरूसंग भेटघाट भएपछि एक साधुसंग यसरी प्रश्न गरे– "तपाईं यसरी साधु बनेको कति वर्ष भयो ?"

साधु– "३० वर्ष भइसक्यो। त्यतिञ्जेल मैले ४० हजार रूपैयाँ दान गरिसकेको छु।"

स्वामी विवेकानन्दले भन्नुभयो– "तपाईं असली त्यागी वा साधु रहेनछ। किनभने साधु भएको ३० वर्ष भइसक्यो तर अहिलेसम्म पनि ४० हजार रूपैयाँ दान दिएको भारी बोकिरहेको नै रहेछ। त्याग्न सकेको छैनौ। किनभने ४० हजार रूपैयाँ दान गरेको विषयलाई मनले त्याग्न नसकी आजसम्म पनि त्यसको घमण्ड प्रकट गरिरहेका छौ। त्यसैले तिमी सक्कली त्यागी वा साधु बन्न सकिरहेका छैनौ।"

यस कुराले स्पष्ट पार्छ– दान र त्याग कति फरक छ ? वास्तवमा त्याग चेतना र दानको बिच नङ्ग र मासु जस्तै सम्बन्ध हुनुपर्दछ। त्याग चेताना बिनाको दान सक्कलि दान कदापि हुन सक्दैन। यस महत्त्वपूर्ण कुरालाई हामी सबैले बुझ्न सके उत्तम हुनेछ।

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ८२१

**श्रामणेर धम्मदीप**
गुर्जुधारा वडा नं. १०
रू. २०००/–

क्र.सं. ८२२

**देव प्रसाद मानन्धर**
गोलमदी टोल, भक्तपुर
रू. २०००/–

क्र.सं. ८२३

**कृष्ण चन्द्र मानन्धर**
रू. २०००/–
ज्याठा, काठमाडौं।

क्र.सं. ८२४

**मङ्गला कंसाकार तुलाधर**
९४७ असन, बालकुमारी, का.म.पा.-२७
रू. २०५१/–

क्र.सं. ८२५

**श्रीमती बाल कुमारी शाक्य**
धरान-१५, सुनगाभा मार्ग, फो.नं. ०२५५२६१९१
सुनसरी रू. २०८७/–

क्र.सं. ८२६

**श्री कान्ति ईश्वरी राज्य लक्ष्मी माध्यमिक विद्यालय**
प्याफल–२५, काठमाडौं
रू. २०००/–

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| २०७१ बैशाख–ज्येष्ठ | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| बैशाख २४ गते, अष्टमी | अमता | वीर्यवती |
| बैशाख ३१ गते, बैशाख पूर्णिमा | अमता | धम्मवती |
| ज्येष्ठ १ गते | पञ्ञावती | पञ्ञावती |
| ज्येष्ठ ८ गते, बिहिवार अष्टमी | अमता | मेत्तावती |
| ज्येष्ठ १४ गते, बुधवार औंशी | शुभवती | केशावती |



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–२

✍ के.श्री धम्मानन्द

*अनुवादक*– मदनरत्न मानन्धर

मृत्युतर्फ निरन्तर उन्मुख हुनु नै जीवन हो । सजीव होस् वा निर्जीव सबै नाशोन्मुख नै छन् । यही अनित्यताको शिक्षा नै बुद्धधर्मको प्रमुख आधार हो । संसारको कुनै वस्तु पनि अनित्य हुनुबाट विमुख छैनन् । मृत्यु नभएको जन्म असंभव छ । जति पनि बन्छन् सबै नाश हुनैपर्छ । 'परिवर्तन" नै 'सत्य" वा वास्तविकताको एक अभिन्न अंग हो ।

अनित्यताको यस नियमलाई स्वीकार्नु हुँदै बुद्धले संसारमा नित्य रहने कुनैपनि छ भन्ने कुरालाई अस्वीकार गर्नु भएको छ । मन र पदार्थ वा शरीर वास्तवमा मिथ्या हुन् र एक अर्कामा निर्भर रही उत्पत्ति हुने परिवर्तनीय स्वभाव (धर्म) मात्र हुन् ।

आज, वैज्ञानिकहरूले बुद्धले पत्ता लगाउनु भएको अनित्यताको नियमलाई स्वीकार गरिसके । कुनै वस्तु पनि ठोस रूपमा छैनन्, वास्तविक छैनन् र प्रकट रूपमा छैनन् भन्ने कुरा वैज्ञानिकहरूले स्वीकारी सके । प्रत्येक वस्तु शक्तिको प्रवाह मात्र हो, दुईक्षणसम्म रहिरहने केही छैनन् । पुरा विश्व नै परिवर्तनको यस तेज भूमरीमा फँसेको छ । बैज्ञानिकहरूले सिद्ध गरेका सिद्धान्तहरू मध्ये सूर्यको अन्तपछि त्यो चिसो हुन्छ भन्ने पनि एक हो । यस धारणाबाट बौद्धहरू भयभीत छैनन् । बुद्धले प्रत्येक प्राणी सरह ब्रह्माण्ड अथवा संसारचक्रपनि उत्पत्ति र बिनाशको अन्तहीन क्रममा रहेको कुरा सिकाउनु भएको छ । हाम्रो संसार पनि कुनै एकदिन समाप्त हुनेछ । पहिलेका संसारहरू पनि त्यस्तै भएका थिए । पछि पनि हुँदै जानेछन् ।

'संसार भनेको उत्पत्ति विनाशको प्रवाह हो । हामी सबै समयसित आवध्द छौं । लेखिएका हरेक शब्द, कुँडिएका हरेक ढुङ्गाहरू, रङ्गाइएका हरेक चित्रहरू, सभ्यताको संरचना, मानिसका प्रत्येक वंशहरू स्मृतिपटलवाट हराएका गृष्मकालीन फूल र पात झैं हराएर जान्छन् । भएका हरेक वस्तु परिवर्तनशील छन् र अपरीवर्तनीय वस्तु भनेको केही छँदैछैनन् ।'

तसर्थ, यस ब्रह्माण्डमा रहेका सबै देव, मनुष्य, पशु-पंक्षिहरू, सजीव, निर्जीव वस्तुहरू अनित्य भएर जान्छन् । बुद्ध धर्मले हामीलाई सिकाउँछ ।

- 'रूप (शरीर) भनेको फिंज जस्तो हो, हेर्दा केही लाग्छ छुंदा केही पाउँदैनौं ।
- बेदना (अनुभूति) भनेको पानीको फोका जस्तो हो, छिनमै बन्छ छिनमै बिलाउँछ ।
- संज्ञा (मूल्यांकन) भनेको मृगतृष्णा जस्तो हो, जति अघि बढेपनि भ्रम मात्र हुन्छ ।

*क्रमशः*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) सुरेश शाक्य, बुद्ध नगर, नयाँ बानेश्वर - रू. १०,०००/–
२) रामेश्वर मानन्धर, ज्ञानकुमारी मानन्धर, ठमेल - रू. ४,०२५/–
३) अन्नपूर्ण तुलाधरको स्व. बुबा न्हुच्छेमान ताम्राकार को पुण्य स्मृतिमा रू. २०५०/–
४) पद्मकन्या क्याम्पस, काठमाडौं - रू. २०००/–
५) नियुत मान सिंह तुलाधर, आभास मान सिंह तुलाधर, नक्साल - रू. १,५००/–
६) प्रकाश वीरसिंह तुलाधर, लाजिम्पाट, काठमाडौं - रू. १,५००/–
७) पूर्ण हिरा तुलाधर कमलादी काठमाडौंबाट स्व. बुबा कुलमान बनीया, आमा लक्ष्मी हीरा बनीयाको पुण्यस्मृतिमा भोजनको लागि - रू. १५००/–
८) योगेन्द्र स्थापित परिवार, ताहाचल - रू. १,००५/–
९) बुद्धरत्न शाक्य, यल - रू. १,०००/–
१०) श्रद्धाचारी गुरुमांको तर्फबाट उहाँका स्व. आमा कुन्जरिका रंजितको पुण्यस्मृतिमा - रू. १,०००/–
११) अम्बर स्थापित, संगीता स्थापित, बाफल, काठमाडौं - रू. १०००/–
१२) केशचन्द्र शाक्य, चारदोबाटो, बनेपा - रू. ५००/–
१३) प्रज्ञान तुलाधर - रू. ५००/–
१४) धर्म बहादुर ताम्राकार, डल्लु, काठमाडौं - रू. ५००/–
१५) नारां देवी तुलाधर, श्रृजय रत्न तुलाधर, ताहाचल, स्व. त्रैलोक्य रत्न तुलाधर तथा स्व. अनिता तुलाधर को पुण्यस्मृतिमा भोजन प्रदान
१६) पद्मकन्या क्याम्पस, बौद्ध अध्ययन विभाग, भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान
१७) विमला शाक्य, स्वयम्भू जन्मदिन
१८) श्याम सुन्दर श्रेष्ठ, बनेपा; बन्दना श्रेष्ठ, यू.के. छोरी उपासनाको जन्मदिनको उपलक्ष्यमा खाद्यान्न सामग्री प्रदान

❀ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू:**

१९) MS. Benedicte, Oslen, Norway. On her Birth Day Rs.15,000/-
२०) हरिगोपाल अमात्य, श्रीमती कमला अमात्य परिवार, बुद्धनगर स्व. बुबा कृष्णगोपाल अमात्यको पुण्यस्मृतिमा रू. २०१००/–



Downloaded from http://www.dhamma.digital

२५५८ औं बुद्धजयन्तीको सन्दर्भमा

# बुद्धलाई 'भगवान' र 'तथागत' भन्नुका कारणहरू

✍ मदनरत्न मानन्धर
*सह-प्राध्यापक, त्रिचन्द क्याम्पस, घण्टाघर*

विश्वशान्तिका अग्रनायक, नेपालका राष्ट्रिय विभूति, महामानव शाक्यमुनी बुद्धको जन्म आजभन्दा २६३८ वर्ष अगाडि नेपालको पश्चिम तराईको लुम्बिनीमा सिद्धार्थ राजकुमारका रूपमा भएको थियो भने ३५ बर्षको उमेरमा बुद्धत्व प्राप्तिपछि उहाँलाई 'गौतम बुद्ध' भनिन थाले ।

उहाँलाई 'भगवान बुद्ध' पनि भन्ने गरिन्छ। 'भगवान्' शब्दबाट सम्बोधन गरिंदा उहाँलाई अन्य देवी देवता सरह ठान्ने पनि नभएका होइनन् र 'भगवान्' भन्न हुन्न भन्ने पनि छन् । तर हचुवाको भरमा वा अन्धश्रद्धाको कारणले उहाँलाई 'भगवान्' भनेको नभई त्यसमा ठोस कारणहरू भएको कुरा त्रिपिटक ग्रन्थ अध्ययन गर्दा थाहा पाउँछौं ।

**भग्ग रागो भग्ग दोसो, भग्ग मोहो अनासवो ।**
**भग्गास्स पापका धम्मा, भगवा तेन वुच्चती' ति ॥**
*(विनय अट्ठकथा, वेरञ्ज कण्ड)*

अट्ठकथा अर्थात अर्थसहितको व्याख्यालाई त्रिपिटक (बुद्धवचन संग्रहित ग्रन्थ) अन्तर्गत अनुपिटकको रूपमा मान्यता दिइएको पाइन्छ । सोहि अर्थकथा अन्तर्गत विनय अर्थकथामा उल्लिखित माथिको गाथाको भावार्थ हो– "राग (लोभ, लालच) लाई भग्न (नाश) गरिसकेका, द्वेष (रिस, ईर्ष्या) लाई भग्न गरिसकेका, मोह (अज्ञानता) लाई भग्न गरिसकेका अनाश्रवी (अनासक्त) जसले पाप आदि दुष्कर्मलाई भग्न गरिसके, उनलाई भगवान भनिन्छ ।" यसबाट स्पष्ट हुन्छ वास्तवमा 'भगवान् कसलाई भनिन्छ !

बुद्धलाई 'भगवान्' भन्नुको अरू कारणहरू पनि छन् । जो व्यक्ति भाग्यवान् छन्, उसलाई पनि 'भगवान्' भनिन्छन् । कस्तो भाग्यवान् ?

(क) विभिन्न प्रकारको मनोबल (ऋद्धि) ले सम्पन्न (इस्सरिय भाग्य),
(ख) सम्पूर्ण क्लेशलाई निर्मूल पारी नौ प्रकारको लोकोत्तर धर्म (४ वटा मार्ग, ४ वटा फल र निर्वाण)ले सम्पन्न (धम्म भाग्य),
(ग) यश कीर्तिले सम्पन्न (यश भाग्य),
(घ) श्री, ऐश्वर्यले सम्पन्न (सिरि भाग्य),
(ङ) इच्छा गरेका हरेक कुराको पूर्णता र सफलता (काम भाग्य) र
(च) महान, उद्योग, प्रयत्नबाट युक्त (पयत्त भाग्य) ।

*(बौद्ध दर्पण, प्रकाश बज्राचार्य पृष्ठ ३३, चौ.सं. २०६७)*

भगवान् बुद्धलाई सम्बोधन गरिंदा वा विशेषण प्रयोग गर्दा प्रायः प्रचलनमा आउने अर्को शब्द हो 'तथागत' । यसो भन्नुमा आठवटा कारणहरू छन्–

१) तथा+आगत– विगतका बुद्धहरूले जस्तै विभिन्न पारमिता (गुणधर्म) पूर्ण गरि बुद्धत्त्व प्राप्त गरेका ।
२) तथा+गत – जसरी विगतका बुद्धहरूले गरेर गए, त्यसलाई नै अनुकरण गरी धम्मको विश्लेषणद्वारा आफ्नो मनमा कुनै शङ्कालाई ठाउँ नदिई प्रज्ञाको बलद्वारा अज्ञानतालाई पन्छाएका ।
३) तथ्य (सत्य) बाट परिपूर्ण – चतुर्महाभूत, आकाश, विज्ञान (मन), रूप, वेदना (सम्वेदना), संज्ञा, तर्क, विचार, प्रीति, सुख र विमुक्तिको यथार्थ स्वभाव बारे पूर्णतः जानकार ।
४) तथ धम्म – चतुआर्यसत्यका विशिष्ट ज्ञाता र प्रतित्यसमुत्पाद (कार्यकारण सिद्धान्त) का पनि ज्ञाता ।
५) तथ्य दर्शी – सम्पूर्ण भौतिक तथा वैचारिक क्षेत्रलाई अनुभूत गरेका ।
६) तथ्य प्रदर्शक – बुद्धत्व प्राप्ति पछिदेखि आफ्नो परिनिर्वाण समयसम्म पनि धर्मप्रचार गर्ने कार्य अन्तर्गत कामवासनाको निर्मूल, घृणा द्वेष र भ्रान्तिरूपी मोहको निर्मूल गर्न सक्ने तथ्यमाथि प्रकाश पारेका ।
७) तथाकारी – जे जति गर्नुभयो कर्म र वचनबाट सत्यपूर्ण तथ्यपूर्ण नै गर्नुभयो ।
८) अद्वितीय, अतुलनीय र उच्च व्यक्तित्त्व – शील, समाधि, प्रज्ञा र विमुक्तिद्वारा समस्त लोकमाथि विजयी, सम्राटहरूको पनि सम्राट ।

(सुमंगलविलासिनी दीघनिकायको अर्थकथा)

तसर्थ बुद्ध शब्दको प्रयोग गर्दा र उहाँको विशेषणको कुरा गर्दा राम्ररी विचार पुऱ्याएमा सबैको भलोको कारण बन्न पुग्दछ । अस्तु । ❖



Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति विहार — गतिविधि

# बौद्ध परियत्ति शिक्षा पुरस्कार वितरण




*परियत्ति शिक्षा कोविद परिक्षामा बोर्ड प्रथम ल्याउन सफल वण्णवती गुरुमां आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै*

*२०७१ ज्येष्ठ १३ गते*
*स्थान- धर्मकीर्ति विहार धम्महल, श्रीघः*

अखिल नेपाल भिक्षु महासंघद्वारा वि.सं. २०७० सालमा सञ्चालित बौद्ध परियत्ति शिक्षाको परिक्षामा धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रबाट उर्त्तिण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

धम्मवती गुरुमांको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रममा केशावती गुरुमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने चमेली गुरुमांले धर्मकीर्ति परियत्ति केन्द्रको प्रतिवेदन र परियत्ति पुरस्कार विषयमा आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको थियो । यस केन्द्रबाट यसपाली जम्मा ९६ जना विद्यार्थीहरू परीक्षामा उर्त्तीण हुन सफल भएका थिए । ती मध्ये कोविद अन्तिम वर्षमा वोर्ड प्रथम प्राप्त गर्न सफल वण्णवती गुरुमां र प्रारम्भिक प्रथम कक्षामा वोर्ड प्रथम हुन सफल श्रृजना वज्राचार्यले आ-आफ्ना अनुभव प्रस्तुत गर्नुभएका थिए ।

पुरस्कार वितरण–

यसपाली परियत्ति परिक्षामा उर्त्तीण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार प्रायोजन गर्नुहुने दाताहरूको तर्फबाट नै पुरस्कार प्रदान गरिएको थियो । पुरस्कार प्रायोजन गर्नुहुने दाताहरूको नामावली यसरी रहेका छन् –



Downloaded from http://www.dhamma.digital

| क्र.सं. | दाता | पुरस्कार विवरण |
|---|---|---|
| १ | धम्मवती गुरुमां | कोविद परीक्षाको अन्तिम वर्षमा उत्तीर्ण हुन सफल विद्यार्थीलाई हरेक वर्ष रू. १०००/– |
| २ | चमेली गुरुमां | बोर्ड प्रथम, बोर्ड द्वितीय र बोर्ड तृतिय हुन सफल विद्यार्थीको लागि प्रदान गरिने रू. १०००/– |
| ३ | अंगुरमान, सूर्यलक्ष्मी पुरस्कार | वोर्ड ल्याउन सफल विद्यार्थीहरूका लागि वर्षेनि फ्रेम प्रदान गर्नको लागि रू. ५०,०००/– को अक्षय कोष खडा गरिएको छ। |
| ४ | सिद्धार्थमान, डा. सुमन कमल तुलाधर | प्रत्येकमान र जगतशोभाको पुण्य स्मृतिमा रू. ५०,०००/– को अक्षय कोष खडा गरी प्रत्येक वर्ष सद्धम्म पालक परिक्षामा उत्तीर्ण एवं कोविद अन्तिम वर्षमा उत्तीर्ण हुन सफल विद्यार्थीलाई चैत्य प्रदान गरिने। |
| ५ | पञ्चवीर सिंह तुलाधर | वर्षेनी पुरस्कार वितरण लागि रू. २,५०,०००/– को अक्षय कोष स्थापना गरिएको |
| ६ | श्याममान वज्राचार्य | ताराको मूर्ति १० वटा |
| ७ | चिनीकाजी, रामेश्वरी र अमृत शोभा | कोविद उत्तीर्ण भएका विद्यार्थीहरूका लागि चैत्य उपहार |
| ८ | धर्मकीर्ति विहारका गुरूमांहरू | रूमाल, साबुन, टूथपेष्ट, ब्रस लगायत अन्य सामानहरू |

कार्यक्रममा पञ्ञावती गुरूमांले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने धम्मवती गुरूमांले सभापतीको आशनबाट आशिर्वचन दिनु भएको थियो। कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो।

कार्यक्रममा उपस्थित हुनु भएका सबैलाई दाता मीना तुलाधरले जलपान प्रायोजन गर्नुभई पुण्य सञ्चय गर्नुभएको थियो।

## धम्मवती गुरुमांले मिलिन्द प्रश्नको विषयमा प्रवचन दिनुभयो

*२०७१ बैशाख १३ गते*

**विषय– मिलिन्द प्रश्न**

*प्रवचिका- श्रद्धेय धम्मवती गुरुमां*

*प्रस्तुति- मिनरबती तुलाधर*

यसदिन श्रद्धेय धम्मवती गुरुमांले मिलिन्द प्रश्नको विषयमा प्रवचन दिनुभएको थियो। यसमा मिलिन्द महाराज र नागसेन भन्ते हुने व्यक्तिहरूले काश्यप बुद्धको पालामा श्रामणेर र भिक्षु भएर दुबै जनाले आशिका गरेर आएका थिए। एकदिन एकजना भिक्षुले श्रामणेरलाई विहारमा सफा गरेर फोहर मिल्काउन जाऊ भनेर अऱ्हाएको थियो। तर श्रामणेर अटेरी भएकोले दुई, तीन पटक भन्दा पनि नटेरेकोले भिक्षुले कुचोले हिकार्यो। अनि रूदै, डराउँदै धुलो फ्याक्न गयो। त्यसपछि उसले यस्तो प्रतिज्ञा गऱ्यो जबसम्म मैले निर्वाण प्राप्त गर्न सक्नेछैन त्यस बेलासम्म म जहाँ जन्मेपनि मध्यान्हको सूर्य जस्तै तेजस्वी भएर तर्क, वितर्क गरेर प्रश्नहरू सोध्न सकुँ भनेर आशिका गरे। त्यसपछि उसले आशिका गरेको सुनेर भिक्षुले पनि म पनि जहाँ जन्मेपनि प्रतिभाशाली भइकन उसले सोधेको प्रश्नहरूको उत्तर दिन सकुं भनेर आशिका गरे। यसरी तिनीहरू दुबैजना देव र मनुष्यलोकमा जन्म लिएर एक बुद्धान्तर बित्यो।

त्यसपछि बुद्ध परिनिर्वाण भएको पाँचसय वर्ष पछि मिलिन्द महाराजको सागल नगरमा जन्म भयो। उ धेरै तार्किक बिद्वान भएर भिक्षुहरूलाई प्रश्न सोधेर कायल गरेकोले धेरै जसो भिक्षुहरू जंगलमा गए। त्यसकारणले भिक्षुसंघले बुद्ध शासन लोप हुने डरले महासेन देव पुत्रलाई देवलोकमा निमन्त्रणा गर्न जानु भएको थियो। कारण उसको शङ्का निवारण गर्न सक्ने व्यक्ति नागसेन भन्ते



Downloaded from http://www.dhamma.digital

मात्र थियो । भिक्षु संघको सभामा उपस्थित नभएको कारणले रोहण भिक्षुलाई दण्ड दिएको थियो । नागसेन भन्ते जन्म हुने सोनुत्तर ब्राह्मणको गाउँमा सात बर्ष १० महिना सम्म भिक्षाटन गएर नागसेनलाई प्रव्रजित गरिसके पछि मात्र भिक्षु रोहण दण्डकर्मबाट मुक्त भएको थियो ।

## दुक निपात विषयमा प्रवचन

*२०७१ बैशाख २० गते*

**विषय- मदन रत्न मानन्धर**

*प्रस्तुति- उर्मिला तुलाधर*

यसदिन विषयमा मदन रत्न मानन्धरले अंगुत्तर निकायको दुक निपात विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

अंगुत्तर निकायको दुक निपात अन्तर्गत दुतिय पण्णासक धम्मवग्गो सुत्रमा ११ वटा सुत्रहरू छन् । सूत्र संख्या ८८ देखी ९८ सम्म । यी मध्ये ८८,८९,९० पहिलो कक्षामा उल्लेख भइसकेको छ ।

*सुत्र ९१ मा*

बुद्धले भन्नु भएको छ “भिक्षुहरू धर्म दुई प्रकारका छन् । बिद्या र विमुक्ति”

बुद्धको उपदेश अनुसार स्वभाव भनेकै धर्म हो । धर्म भनेको प्रकृतिको नियम हो ।

(१) बिद्या- मानिसले जीवनमा गर्ने ब्यापार बिद्या तन्त्र बिद्या, ज्योति बिद्या लाई नै बिद्या भन्नु भएको छ । अरूलाई दुख दिनु हुँदैन, अरू प्रति अकुशल कार्य गर्नु हुन्दैन भन्ने ज्ञान हो । यसलाई पनि बुद्धले बिद्या भन्नु भएको छ ।

(२) विमुक्ति- मानिसहरूको असीमित चाहना हुन्छन् । अनि जहिले पनि उसको मन अशान्ती भइराखेको हुन्छ । चित्तलाई राग, द्वेष, मोहले जहिले पनि फोहर बनाइराखेको हुन्छ । अनि कहिले पनि मानिसहरूले मानसिक सुख प्राप्त गर्न सक्दैन । आफ्नो क्षमताले भ्याए अनुसार पाईला पिच्छे होश गरेर, आफुले आफुलाई मूल्याङ्कन गर्न सकेको खण्डमा हामी क्लेशबाट मुक्त हुन सक्छौं । राग, द्वेष, मोहबाट मुक्तिलाई नै बुद्धले बिमुक्ति भन्नु भएको छ ।

*सुत्र संख्या ९२*

“भिक्षुहरू धर्म दुई प्रकारका छन् । “भव दृष्टि र विभव दृष्टि”

(१) भव दृष्टि– बारम्बार जन्म हुने चाहना गर्ने, भव दृष्टि २ प्रकार छन्– क) सम्यक दृष्टि (ख) मिथ्या दृष्टि (२) बिभव दृष्टि- पुर्नजन्म भनेको छैन भनेर जथाभाबी कार्य गर्ने वानी ।

बुद्धले हामीलाई उपदेश दिनु भएको छ, (भूत, वर्तमान र भविष्य) लाई कल्याण हुने । राग, द्वेष, मोह बाट मुक्त हुने । भगवान बुद्धको उपदेश लाई अंगाल्दै जान सकेको खण्डमा त्यसको फल राम्रै हुनेछ ।

## धर्मकीर्ति ज्ञानमाला भजनया गतिविधि

***प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर***

१) ने.सं. ११३४ चौलागाः अष्टमी खुन्हु जमोबहालय् केशावती गुरूमांपाखें बुद्धपूजा, धर्मदेशना, ज्याभ्वः क्वचायकूगु खः । थुखुन्हु ध.की ज्ञानमाला भजन समूहनं ज्ञानमाला भजन प्रस्तुत याःगु खः ।

धर्मकीर्ति पूर्णहेरा पुचः पाखें जलपान दान याःगु थुगु ज्याभ्वले उगु पुचलं ध.की. ज्ञानमाला भजनयात रू. २०००/– चन्दा सहयोग प्रदान यानाः पुण्य सञ्चय यानादीगु खः ।

२) ने.सं.११३४ चौलागाः सप्तमी खुन्हु टेबहालयाम्ह पुनमाया महर्जनया स्वक्वःगु ज्याथी जंकोया लसताय् पञ्ञावती गुरूमां सहित मेपिं गुरूमांपिनि पाखें बुद्ध पूजा परित्राण पाठ ज्याभ्वः क्वचाःगु खः । थुखुन्हु ध.की. ज्ञानमाला भजन खलः पाखें भजन प्रस्तुति लिपा लुमन्ति चिंकथं जप यायगु चैत्य वयकः पुनमायायात प्रदान याःगु जुल । अथेहे पुनमाया उपासिकाया पाखें ध.की. ज्ञानमालायात ३०००/– दां गुहाली स्वरूप प्रदान यानाः पुण्य संचय यानादिल ।

३) ने.सं. ११३४ चौलागाः द्वादशी खुन्हु ध.की. ज्ञानमाला खलकं न्हय्क्वःगु बौद्ध संगीत जागरण कार्यक्रमय् ब्वति काःगु जुल ।

४) ल्हुतिपुन्ही खुन्हु निर्वाण मूर्ति विहार किण्डोलय् न्हयन्हु यकं संचालन जूगु महापरित्राण ज्याभ्वले ध.की. ज्ञानमाला भजन प्रस्तुत जूगु खः ।

५) ने.सं. ११३४ पारू वैशाख १ गते श्रद्धाचारी गुरूमांया मां उपासिका कुञ्जरीका रञ्जितया निर्वाण कामना यासे १३ न्हु तक थीथी ज्ञानमाला भजनयात याःगु निमन्त्रणा भ्वलय् धर्मकीर्ति वैशाख ३ व४ गते धर्मकीर्ति ज्ञानमाला भजन नं प्रस्तुत जूगु जुल । वयकःपिसं



Downloaded from http://www.dhamma.digital

ध.की.ज्ञानमाला भजनयात रू. १०००।- चन्दा सहयोग प्रदान याना: पुण्य सञ्चय या:गु जुल ।

६) ने.सं. ११३४ बछलाथ्व चौथी खुन्हु ताहचलयाम्ह धर्म महर्जनया ६४ दँ बुदिंया लसताय् ध.की. ज्ञानमाला भजन श्रवण याकादीगु ख: ।

वयक: पाखें ज्ञानमाला भजनयात रू. ३०००/– दां चन्दा सहयोग बिया: पुण्य सञ्चय यानादीगु जुल । वयक: पिन्त ध.की.ज्ञानमाला पाखें जप याय्‌गु चैत्य लुमन्ति चिं कथं प्रदान या:गु जुल ।

७) शाक्यमुनि कीर्ति विहार सतुंगलय् पुण्यवती गुरूमां प्रव्रजित जूगु २५ दं दुगु उपलक्ष्ये भगवान् बुद्धया प्रतिमा पलिस्था या:गु व न्हयन्हु यंकं महापरित्राण पाठ या:गु ज्याभ्वले ध.की.ज्ञानमाला भजन प्रस्तुत जूगु ख: । उगु ज्याभ्वले ध.की. ज्ञानमाला पाखें बसया व्यवस्था या:गु ख: ।

८) ने.सं. ११३४ नवमी (२०७१/१/२५) – थुखुन्हु २५५८ औं स्वाँया पुन्हिया लसताय् श्रीघ: ज्ञानमाला भजन पाखें साप्ताहिक ज्ञानमाला भजन याकूगु ख: । उगु ज्याभ्वले ध.की. ज्ञानमाला भजन नं प्रस्तुत जूगु जुल । थुगु उपलक्ष्ये श्रीघ: ज्ञानमाला भजनया उपाध्यक्ष माणिकरत्न शाक्य पाखें श्याममान वज्राचार्ययात भगवान बुद्धया मूर्ति लल्हानादीगु ख: ।

९) ने.सं. ११३४ बछलाथ्व अष्टमी खुन्हु मैत्री बोधिसत्त्व महाविहार जमोवहालय् पूज्य चमेली गुरूमां पाखें बुद्धपूजा ज्याभ्व: न्हयाकूगु ख:सा पूज्य धम्मवती गुरूमां नं धर्मदेशना यानादीगु ख: । थुखुन्हु स्वयम्भू ज्ञानमाला भजन समूह पाखें भजन प्रस्तुत जूगु जुल ।

थुखुन्हु ध.की. कर्णदेवी पुच: पाखें जलपान दान जूगु ख: । कर्णदेवी पुच: पाखें स्वयम्भू ज्ञानमाला भजनयात रू. २५००/– सहयोग स्वरूप चन्दा बियादीगु ख: ।

दिवंगत चिनीयामान तुलाधरया पुण्य स्मृतिस अनारदेवी तुलाधरं स्वयम्भु ज्ञानमाला भजन खल:यात रू. ५०००।- दां चन्दा सहयोग बियादिसे पुण्य सञ्चय यानादिल ।

थुखुन्हु जमोबहालय् ज्वीगु ज्याभ्व:या लागि लाय्‌त लासाया लागि शैलेन्द्र वज्राचार्य रू. १८,०००/– व अम्वर तुलाधर व ज्ञानी देवी तुलाधर पाखें नं लासाया लागि रू. १६००/– चन्दा सहयोग प्रदान यानादीगु ख: ।

***२०७० चैत्र २२ देखि २८ सम्म रत्न विपश्यना विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रममा ऋषिणी प्रव्रजित भई सहभागी भएकी वालिकाको ७ दिनको अनुभव –***

म यस अल्पकालिन श्रामणेर तथा ऋषिनी प्रव्रज्यामा पाँचौ पटक प्रव्रजित हुन आएकी हुँ । यस शिविरमा पटकपटक भाग लिनुको धेरै कारणहरू छन् । यहाँको वातावरण निकै सुन्दरता र शान्त लाग्छ यहाँ मनको शान्ति प्राप्तिको लागी पनि आउन सकिन्छ । यहाँ आएर मैले धेरै नयाँ शिक्षाहरू सिक्ने मौका पाए । यहाँ बिहानै पाँच बजे घण्टी बजाएर सबैलाई उठाउँछ । र हामी सबैको दिनचर्या पाँच बजेदेखि सुरू भएर बेलुकी आठ बजे अन्त्य हुन्छ । हामीलाई यहाँ ध्यान गर्नेविधि सिकाउँछ र चक्रमण पनि गराउँछ । यहाँ विभिन्न विषयको कक्षा पनि लिने गरिन्छ । हामीलाई ART, CRAFT, Public Speaking, आमाबुबाको गुण, दश संयोजन, दश पारमिता, ध्यान आदिबारे सिकाईयो । Art र Craft सिकाई सबैलाई धेरै रमाइलो भयो । Art र Craft को प्रतियोगिता पनि भएको थियो ।

यहाँ हामीले सरसफाई पनि गऱ्यौं र सिक्यौं बिहान ६ बजे जलपान गराउँथ्यो र ११ बजे भोजन । दिउँसो २ बजेतिर जूस र राति ७ बजेतिर मिश्रि काँडा पिलाउँथ्यो । यसरी नै हाम्रो दिन बित्थ्यो ।

यहाँ हामीले आमाबुबालाई माया र सम्मान गर्नुपर्ने कुरा सिक्यौं । हामीले दैनिक बुद्ध, धर्म, संघ, आमाबुबा र गुरूआचार्यलाई पाँचपटक बन्दना गर्ने कुरा सिक्यौं । हामीले यहाँ आफूभन्दा ठूलोलाई सम्मान र आफूभन्दा सानालाई माया गर्नुपर्ने कुरा सिक्यौं । हामीले आफ्नो बोलिवचनलाई सुधार्ने उपाय पनि सिक्यौं । र हामीले यहाँ पढेका सबै कुरा आफ्नो जीवनमा प्रयोग गर्न सक्छौं ।

पहिले पाँचबजे उठ्नुपर्छ । केहीलाई गाह्रो भयो र पछि बानी पऱ्यो । कोही घरको यादमा रोए पनि तर आफूलाई सम्हाल्न सिकें । हाम्रो जीवनमा पनि यस्तै उतारचढाव हुन्छ भनेर सिकें मैले । त्यसैले यहीं कुरालाई ध्यानमा राखेर हाम्रो आफ्नो जीवनमा अगाडि बढाउनुपर्छ । यति नै रहयो मेरो रत्न विपश्याना विहारमा सात दिनको अनुभव । ✍ **आश्विनी मानन्धर**



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## २५५८ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा को को कहाँ कहाँ गए ?

२५५८ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा यस दिन नेपाल अधिराज्यका विभिन्न स्थानहरूबाट निमन्त्रणा गरि एकोलाई स्वीकार गर्नु हुँदै भन्ते गुरूमांहरू धर्मप्रचारर्थ उक्त स्थानहरूमा पुग्नु भएको थिए । ती भन्ते गुरूमांहरूको नामावली र उहाँहरू जानुभएको स्थानको नामावली धर्मकीर्तिलाई प्राप्त भएको समाचार अनुसार यसरी रहेको छ ।

| भन्ते, गुरूमांहरू | स्थान |
|---|---|
| – भिक्षु रेवतो | हेटौंडा |
| – संघवती गुरूमा, खेमावती गुरूमां र श्रद्धावती गुरूमां | पाल्पा तानसेन |
| – भिक्षु धम्मानन्द र भिक्षु दीपंकर | तनहुँ, रिसिङ |
| – भिक्षु जनक | सप्तरी |
| – भिक्षु ज्योतिमो | कैलाली |
| – श्रामणेर जयो र श्रामणेर लखन | त्रिशुली |
| – भिक्षु नायको र भिक्षु सुमंगल | धरान |
| – शुभवती गुरूमां, क्षान्तीवती गुरूमां | बारा |
| – श्रामणेर सुजन, श्रामणेर सगरतो | काभ्रे, रानीपानी |
| – भिक्षु आचारो, बुद्धपाली गुरूमां | पोखरा |
| – श्रामणेर अभयो, श्रामणेर विमलो | हाँडिगाउँ |
| – श्रामणेर रेवतो श्रामणेर वासेय्यो | सिफल |
| – श्रामणेर विपुलसार, श्रामणेर महिन्द | मनमय्जु |
| – श्रामणेर इस्सारियो | बारा |
| – ञाणवती गुरूमां, अरियञाणी गुरूमां | माझखण्ड, ललितपुर |
| – धरणी गुरूमां | ग्वार्कोचोक ललितपुर |
| – कपिला गुरूमां | रक्षेश्वर महाविहार |
| – इन्दावती गुरूमां, सुचिता गुरूमां | हाडिगाउँ |
| – वीर्यवती गुरूमां, रमावती गुरूमां, श्रद्धाचारी गुरूमां | यटखा र पीगः ननी काठमाडौं । |

## अभिधर्म पाठ सम्पन्न

*वैशाख १४-२० तक, ध्यानकुटी विहार, बनेपा ।*

भोंत देशय् च्वंपिं उपासक उपासिकापिन्त नं अभिधर्म पाठ न्यंकेगु इच्छा कथं उपासक धन बहादुर नकर्मी पाखें आयोजना जूगु छगू ज्याझ्वले ध्यानकुटी विहारे न्हेम्ह भिक्षुपिनिपाखें साप्ताहिक अभिधर्म पाठ व धर्मदेशना कार्यक्रम सम्पन्न जूगु बुखँ दु ।

उपासक धन बहादुरं उगु न्हेन्हुयंकं भन्तेपिन्त व ध्यानकुटी बाल आश्रमया मिसा मस्तय्त भोजन व अभिधर्म पाठ न्यंवःपिं उपासकोपासिका पिन्त जलपान याकादीगु खःसा २० गते सकसितं भोजन दान व वयकया परिवारपिनि पाखें भिक्षु संघयात अष्टपरिष्कार दान ब्यूगु समाचार दु ।

## सूचना !

धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष, शासन धज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित, धम्मवती गुरूमांको ८१ औं जन्मोत्सवको उपलक्ष्यमा पूज्य भिक्षु महासंघको तर्फबाट पाठ हुने साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना श्रवण गर्न इच्छुक सम्पूर्ण श्रद्धालुहरूलाई आमन्त्रण गरिएको छ ।

*स्थान :* धर्मकीर्ति विहार
श्रीघः नघः, काठमाडौं ।

*मिति :* २०७१ असार २३ गते देखि असार ३० गते सम्म ।

*समय :* विहान ७ बजे देखि ९ बजे सम्म ।

*आयोजक :*
**धर्मकीर्ति विहार परिवार**



Downloaded from http://www.dhamma.digital

# मैत्री बोधिसत्त्व महाविहारमा बुद्धपूजा र धर्मदेशना



*भिक्षुणी धम्मवती प्रवचन दिनुहुँदै*

*२०७१ वैशाख २४ गते, बुधवार, अष्टमी*

यसदिन मैत्री बोधिसत्त्व महाविहारमा चमेली गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गर्नुभएको थियो। धम्मवती गुरूमांले धर्मदेशना गर्नु हुदै वैशाख पूर्णिमाको महत्त्व र यस पर्व दिनमा बुद्धजीवनी संग सम्बन्धित ५ संयोगहरू जुरेको विषयमा उल्लेख गर्नुभएको थियो।

स्वयम्भू ज्ञानमाला भजन खलःले ज्ञानमाला भजन प्रस्तुत गरेको उक्त कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई कर्णदेवी पुचः धर्मकीर्ति विहारले जलपानको व्यवस्था मिलाई पुण्य सञ्चय गरेको थियो।


**चिरं जीवन्तु नो गरु, सुखीनो निरुपद्दवो**

(झी गुरु दीर्घायु, सुखी व उपद्रव रहित ज्वीमा)



नेपाःया खुम्हम्ह संघ नायक, बनेपा ध्यानकुटी विहारया विहार प्रमुख,
मेत्ता सेन्टर (मैत्री केन्द्र)या धर्मानुशासक, नेपाले थेरवाद बुद्ध शासन उन्नतीया लागि जनमानसे
बौद्ध जागरण हय्या निम्तिं च्वछाय्वहःगु शासनिक योगदान बियाबिज्याःम्ह,
सच्छिं मयाक्क बौद्ध ग्रन्थ च्वया बिज्याःम्ह श्रद्धेय

**भिक्षु अश्वघोष महास्थविर भन्तेया ८८ दँया जन्म दिवसया उपलक्ष्यसं**

वसपोलया सुस्वास्थ्य, दीर्घायु कामना यानाच्वना।

❀ **ध्यानकुटी विहारया उपासक उपासिका परिवार**

❀ **मैत्री केन्द्र (मेत्ता सेन्टर) परिवार, बनेपा**

❀ **न्यू नेपाल प्रेस परिवार,** १४२ मनकामनामार्ग, नागपोखरी




Downloaded from http://www.dhamma.digital

# अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या बाल शिविर



*अल्पकालिन प्रव्रज्या समारोहमा सहभागी श्रामणेर एवं ऋषिणी बाल वालिकाहरू, साथमा प्रशिक्षकहरू*

*२०७० चैत्र २२-२८*

*स्थान- रत्न विपश्यना विहार, सानो भऱ्याङ्ग, स्वयम्भू*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा बर्षेनि संञ्चालन गरिंदै आएको अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम यसपाली रत्न विपश्यना विहार सानो भऱ्याङ्ग स्वयम्भूमा सम्पन्न भएको समाचार छ । साप्ताहिक रूपमा सञ्चालित उक्त कार्यक्रम यसपाली १३ औं पटकको कार्यक्रम हो ।

चैत्र २२ गते देखि २८ गते सम्म इन्दावती गुरूमां र अमीर कुमारी शाक्यको संयोजकत्त्वमा सञ्चालित उक्त कार्यक्रममा ९ बर्ष देखि २४ बर्ष सम्म उमेरका जम्मा २९ जना बालबालिकाहरू सहभागी भएका थिए । २९ जना मध्ये १० जना बालकहरू श्रामणेर प्रव्रजित भएका थिए भने १९ जना बालिकाहरू ऋषिणी प्रव्रजित भएका थिए ।

कार्यक्रमको शुरू चैत्र २२ गतेका दिन रत्न विपश्यना विहारका ध्यान गुरू सयादोको सभापतित्त्वमा एवं भिक्षु धर्ममूर्ति महास्थविरको प्रमुख अतिथ्यमा एवं भिक्षु उत्तमो र चमेली गुरूमांको आतिथ्यमा संचालन भएको थियो । उर्मिला ताम्राकारले संचालन गर्नुभएको उक्त कार्यक्रममा अमीर कुमारी शाक्यले स्वागत भाषण गर्नु भएको थियो । यसरी नै इन्दावती गुरूमांले कार्यक्रम सम्बन्धि झलक प्रस्तुत गर्नु भएको थियो । सो पश्चात् सयादो उ सुजनपियले १० जना बालकहरूलाई शील प्रार्थना गराउनु भई श्रामणेर प्रव्रज्या गर्नुभएको थियो । यसरी नै चमेली गुरूमांले १९ जना बालिकाहरूलाई शील प्रार्थना गराउनु भई ऋषिणी प्रव्रज्या गर्नुभएको थियो । अन्त्यमा धर्ममूर्ति भन्तेले धर्मदेशना गर्नुभई अमीर कुमारी शाक्यले धन्यवाद, ज्ञापन गर्नु भएपछि कार्यक्रम विसर्जन गरिएको थियो ।

चैत्र २२ गते देखि २८ गते सम्म संचालित उक्त साप्ताहिक कार्यक्रममा बालबालिकाहरूलाई नैतिक शिक्षा, ध्यान भावना लगायत बुद्ध शिक्षा, बुद्ध पूजा, चित्रकला, उद्घोषण तालिम, स्वास्थ्य शिक्षा, सरसफाई लगायत टि.भि. मार्फत बुद्ध शिक्षा सम्बन्धि दृष्यहरू प्रदर्शन गरिएको थियो ।

उक्त साप्ताहिक प्रशिक्षण तालिमको कार्यक्रम तालिका यसरी रहेको छ–



Downloaded from http://www.dhamma.digital

## अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम तालिका (वि.सं. २०७०)

| क्र.सं. | मिति | प्रवचक | विषय | प्रतिक्षक | विषय |
|---|---|---|---|---|---|
| १. | चैत्र २२ | भिक्षु धर्ममूर्ति | प्रव्रज्याको महत्त्व | इन्दावती गुरूमां | नैतिक शिक्षा |
| २. | चैत्र २३ | सयादो | ध्यान भावना | इन्दावती गुरूमां | शील |
| | | उ.सुजनपिय | ध्यान भावना | तिखा ञाणी गुरूमां | चंक्रमण |
| | | अनु. निर्मल ञाणी गुरूमां | बुद्ध जीवनी | कुसला ञाणी गुरूमां | बुद्ध पूजा विधि |
| ३. | चैत्र २४ | भिक्षु पञ्ञारतन | मंलग सूत्र (१–१३) | इन्दावती गुरूमां | विनय |
| | | निर्मल ञाणी गुरूमां | चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग | उर्मिला ताम्राकार | आर्य अष्टाङ्गिक मार्ग |
| ४. | चैत्र २५ | मदन रत्न मानन्धर | मंगल सूत्र (१४-२६) | अनुपा श्रेष्ठ | उद्घोषण कला |
| | चैत्र २५ | सानु केशरी तुलाधर | स्वास्थ्य शिक्षा | लक्ष्मी शाक्य | भूकम्पबाट बचावट |
| ५. | चैत्र २६ | भिक्षु भद्दिय | मंगल सूत्र (२७-२८) | इदावती गुरूमां | दश पारमिता |
| | | भिक्षु उत्तमो | चित्रकला | सरोज मानन्धर | हस्तकला |
| | | रीना तुलाधर | मैत्री र उपेक्षा | शीलञाणी गुरूमां | बुद्धपूजा विधि |
| ६. | चैत्र २७ | वीर्यवती गुरूमां | आमा बुबाको गुण र महत्त्व | केशावती गुरूमां | दश संयोजन |
| | | अरूणसिद्धि तुलाधर | शुरू शुरू न्ह्यसः खुरू खुरू सिरपाः | तीखाञाणी गुरूमां | चंक्रमण |
| ७. | चैत्र २८ | सयादो उ सुजन पिय | ओवाद | | |
| | | अनुवाद | निर्मलञाणी गुरूमां | | |

चैत्र २८ गते सयादो उ सुजन पियको सभापतित्त्वमा र निर्मलञाणी गुरूमांको आतिथ्यमा यस अल्पकालिन प्रव्रज्या शिविरको समापन समारोह सम्पन्न गरिएको थियो ।

यस कार्यक्रममा ऋषिणी बालिकाहरू सिरपा चित्रकार र आश्विनी मानन्धरले उद्घोषण गर्नुभएका थिए । सयादो उ सुजनपियले पञ्चशील प्रार्थना गराउनुभएको उक्त कार्यक्रममा ऋषिणी खुशी गुरूङ्ग, ऋद्धि तुलाधर र स्वीकृति श्रेष्ठले सामुहिक स्वागत गान प्रस्तुत गर्नु भएका थिए। यसरी नै श्रामणेर इसान तुलाधर अर्थात् धम्म रत्नले स्वागत भाषण गर्नु भएको थियो । इन्दावती गुरूमांले कार्यक्रम सम्बन्धी मन्तव्य व्यक्त गर्नु भएपछि श्रामणेर (नीलः मानन्धर) जीनवंश, ऋषिणी लुइस महर्जन र अभिभावक ध्रुब रत्न स्थापित र प्रमीला तुलाधर आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नु भएका थिए ।

यस अल्पकालिन प्रव्रज्या शिविरमा निरन्तर तीन पटक सम्म वा सो भन्दा वढि सहभागी भएका बालबालिकाहरूलाई सयादो उ सुजनपियले पुरस्कार प्रदान गर्नुभएको थियो । यस विषयमा पुरस्कार प्राप्त गर्न सफल बालबालिकाहरू यसरी हुनुहुन्थ्यो ।

(१) सिरपा चित्रकार – ६ वर्ष सम्म लगातार सहभागी भएको

(२) आश्विनी मानन्धर – ५ वर्ष सम्म लगातार सहभागी भएको

(३) नीलः मानन्धर – ३ वर्ष सम्म लगातार सहभागी भएको

श्रद्धेय निर्मलञाणी गुरूमांले चित्रकला प्रतियोगितामा विजय हुन सफल बालबालिकाहरूलाई पुरस्कार प्रदान गर्नुभएको थियो। चित्रकलामा विजयी बन्न सफल बालबालिकाहरू यसरी हुनुहुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

(१) ऋषिणी सिरपा चित्रकार - प्रथम,
(२) ऋद्धि तुलाधर - द्वितीय, (३) स्वीकृति तुलाधर - तेश्रो
(४) आश्विनी मानन्धर - सान्त्वना
(५) पल्पसा मानन्धर - सान्त्वना

यसरी अल्पकालिन श्रामणेर एवं ऋषिणी कार्यक्रम सञ्चालनार्थ रत्न विपश्यना विहारले स्थान उपलब्ध गराइदिनु भएकोले विहार प्रमुख निर्मलज्ञाणी गुरूमांलाई इन्दावती गुरूमांले धर्म उपहार चढाउनु भएको थियो ।

यही क्रममा अमीर कुमारी शाक्यले रत्न विपश्यना विहारमा स्वयंसेवकहरू नानीछोरी र नवीन महर्जनलाई सम्झनाको चीनोको रूपमा उपहार चढाउनु भएको थियो।
हस्तकला कागजको सामान बनाउनेमा विजयी–
ऋद्धि तुलाधर र लयताः तुलाधर – प्रथम
खुशी गुरूङ्ग र स्वीकृति श्रेष्ठ – द्वितीय

श्रीजः मानन्धर र ईशान तुलाधर – तेश्रो लाई निर्मल ज्ञाणी गुरूमां र इन्दावती गुरूमांले पुरस्कार प्रदान गर्नु भएका थिए ।

कार्यक्रमको अन्त्यमा अमीर कुमारी शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने सयादो उ सुजपियले सभापत्तिको आसनबाट ओवाद रूपि मन्तव्य प्रस्तुत गर्नुभई कार्यक्रम समापन गरिएको थियो ।

यस अल्पकालिन प्रव्रज्या समारोहमा सहभागी बालबालिकाहरूको नामावली यसरी रहेको छ–

श्रामणेर हुने बालकहरू– (१) युनिस रत्न स्थापित (२) नीलः मानन्धर (३) श्रावक सिद्धि तुलाधर (४) युनिस रत्न तुलाधर (५) ईसान तुलाधर (६) उत्कृष्ट तुलाधर (७) विनायक महर्जन (८) सुरज महर्जन (९) श्रीजः मानन्धर (१०) न्हूजः मानन्धर

ऋषिणी हुने बालिकाहरू– (१) द्रिसाना शाक्य (२) सानीया शाक्य (३) तिसा महर्जन (४) आस्था महर्जन (५) श्रृष्टि वज्राचार्य (६) तिसा महर्जन (७) दीपंखा वज्राचार्य (८) कृतिका श्रेष्ठ (९) ऋद्धि तुलाधर (१०) लय्ताः तुलाधर (११) पल्पसा मानन्धर (१२) आश्विनी मानन्धर (१३) सिरपा चित्रकार (१४) आइष्ना डंगोल (१५) स्वीकृति श्रेष्ठ (१६) खुशी गुरूङ्ग (१७) गुनिता तुलाधर (१८) श्रुती न्यौपाने (१९) लुइस महर्जन इत्यादि ।

## दान गरेको आँखाको सफल प्रत्यारोपण भएको

धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखा नगदेश एवं समूहका कार्य समितिका सदस्य, सहधर्मी कल्याणमित्र उपासक बाबु राम दुवालका ममतामयी माता प्राणमाया दुवालको मिति २०७१ बैशाख २२, सोमवारको दिनमा ८४ वर्षको पूर्ण बैशमा देशावसान भएको लगतै तिलगंगा आँखा प्रतिष्ठानका प्राविधिक सहयोगी किरण सुब्बा हस्ते परिवार जनको सहमतीमा दुइटै आँखा दान गरिएको समाचार छ। सो दान-उपपारमितानुभावद्वारा परिनिवृत उपासिका प्राण माया दुवालको सद्गति र निर्वाण कामना यस समूह र शाखाले गरेका छन्, साथै शोकाकूल घडीमा धैर्य धारण गर्न सकोस् भनी हार्दिक कामनायुक्त समवेदना ब्यक्त गरेका छन्। यसर्थ दान गरेको आँखा मध्ये एउटा आँखा भोजपुर जिल्ला निवासी ४८ वर्षीय "राई" थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरिएको छ भने अर्को आँखा काठमाडौं थापाथली निवासी १४ वर्षीय पौडेल थरका केटोलाई सफल प्रत्यारोपण गरेको बुझिएको छ ।

## च्याक्वःगु ज्ञानमाला राष्ट्रिय सम्मेलन

*पौष ५,६ व ७ गते । थाय्- पनौति, काभ्रे,*

नेपाल राष्ट्रिय ज्ञानमाला समिति यैं, व पनौती ज्ञानमाला भजन संघया व्यवस्थापन समितिया सकलें पदाधिकारीपिनिगु मंकाः मुंज्या च्वनाः थ्व हे वइगु २०७१ साल पौष ५,६,व ७ गते च्याक्वःगु ज्ञानमाला राष्ट्रिय सम्मेलन पानौती याय्गु क्वःछयूगु बुँखँ दु ।

थुगु राष्ट्रिय सम्मेलन तःजिक व्यवस्थित कथं न्ह्याकेत १०१ म्हेसिगु "समारोह मूल समिति" केन्द्रीय नायः प्राः सुवर्ण शाक्यका अध्यक्षताय् गठन जूगु खः ।

अथेहे १७ गू थीथी उपसमिति स्वनेगु ज्यायात नं पूर्णता ब्यूगु दु । आः वइगु ने.सं. १११५ थिंलागाः सप्तमी शनिबाः खुन्हु (मंसीर २७ गते) च्याक्वःगु ज्ञानमाला र ाष्ट्रिय सम्मेलनया पाःब्व लःल्हाना काय्त "पनौति, ज्ञानमाला भजन संघः" काभ्रेपाखें साँस्कृतिक धाःबाजं सहित वनेगु खँ नं क्वःज्यूगु खः ।

## धर्मकीर्ति पत्रिकालाई सहयोग


धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगति कामना गर्नुहुँदै उपासक अम्बरबहादुर र उपासिका मोतिशोभा स्थापितको तर्फबाट रू. ३०००।– सहयोगार्थ चन्दा प्रदान गरी पुण्य सञ्चय गरिएको छ ।

दाताहरूलाई धर्मकीर्ति पत्रिकाको तर्फबाट आयु आरोग्य एवं साधुवाद व्यक्त गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहारमा ३३ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न





*२०७१ बैशाख २७ गते, शनिवार। स्थान- धर्मकीर्ति विहार*

२५५८ औं बैशाख पूर्णिमाको उपलक्ष्य लगायत धर्मकीर्ति विहारको स्वर्ण वर्षको उपलक्ष्यमा सञ्चालित पहिलो कार्यक्रमको रुपमा धर्मकीर्ति विहार स्वास्थ्य कमिटीले ३३ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ।

रक्तदान कार्यको अमूल्य महत्त्व विषयमा विश्लेषण गर्नुहुँदै पूज्य धम्मवती गुरुमांले भन्नुभएको थियो– "म आफै पनि अरूले दान गरिएको रगतको आधारमा बाँचिरहेकी छु।" यसरी उहाँको अमूल्य प्रेरणा स्वरुप यो कार्यक्रम भव्यरुपमा सम्पन्न भएको थियो।

धर्मकीर्ति विहार स्वास्थ्य कमिटीमा संयोजक रोशनकाजी तुलाधरको संयोजकत्त्वमा सञ्चालित उक्त कार्यक्रमको शुरुमा धर्मकीर्ति विहारका प्रव्रजित भिक्षुणी गुरूमांहरूले सामूहिक परित्राण पाठ गर्नुभएको थियो।

केन्द्रिय रक्तसञ्चार सेवाबाट धन भण्डारी लगायत सानुमैंया कपालीको टोलीले रगत सङ्कलन गर्नुभएको थियो भने ब्लड डोनर्स एशोसियशन नेपाल (ब्लोदान) का केन्द्रिय कोषाध्यक्ष मचाकाजी महर्जनले आवश्यक सहयोग गर्नुभएको थियो।

स्मरणिय छ, यस धर्मकीर्ति स्वास्थ्य कमिटीको आयोजनामा हरेक वर्ष बुद्ध जयन्तीको अघिल्लो शनिवार रक्तदान कार्यक्रम आयोजन गरिंदै आइरहेको अनुसार यसैपाली ३३ औं पटकको रक्तदान कार्यक्रम रहेको कुरा बुझिएको छ।

विगत वर्षहरूमा स्वयम्भूरत्न तुलाधरको संयोजकत्त्वमा रक्तदान कार्यक्रम सम्पन्न हुँदै आइरहेको थियो।

जम्मा ७७ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको उक्त कार्यक्रममा रक्तदाताहरूको नाम, ठेगाना र रक्त समूहको तालिका यसरी उल्लेख गरिएकाछन्–

| क.सं. | नाम | ठेगाना | समूह |
|---|---|---|---|
| १ | सरिता मानन्धर | लायकूसाः | O+ |
| २ | अन्जिबरत्न तुलाधर | डल्लु, चागल | O+ |
| ३ | सुरेस श्रेष्ठ | ताम्सिपाखा | A+ |
| ४ | सुविन महर्जन | त्यौड | A+ |
| ५ | विश्वम महर्जन | रानीबारी | A+ |
| ६ | अमिता प्रजापति | ज्याठा | O+ |
| ७ | पूर्णकेशरी महर्जन | डल्लु | B+ |
| ८ | हिरादेवी डंगोल | सामाखुसी | A+ |
| ९ | शंखनारायण डंगोल | सामाखुसी | A+ |
| १० | कृष्ण राजवाहक | स्वयम्भू | A+ |
| ११ | रश्मिला मानन्धर | सोह्रखुट्टे | B+ |
| १२ | स्वेता मानन्धर | सोह्रखुट्टे | B+ |
| १३ | केशव डंगोल | कालधारा | B+ |
| १४ | दयानन्द शाक्य | ढल्को, खलिगाः | A+ |
| १५ | सुप्रिम बज्राचार्य | डल्लु | O+ |
| १६ | माणिक शाही | चःमती | O+ |
| १७ | प्रदीप महर्जन | ललितपुर | O+ |
| १८ | शान्ति महर्जन | त्यौड | A+ |
| १९ | संजय महर्जन | ब्रह्मटोल, कुम्हाननी | A+ |
| २० | केशावती गुरुमां | धर्मकीर्ति विहार | A+ |
| २१ | राजेश माली | पुतलीसडक | A+ |
| २२ | विकाशरत्न कंसाकार | केलटोल | A+ |
| २३ | अगम्य रत्न कसाः | केल, मासंगाः | B+ |
| २४ | ज्योति बाडे | धर्मकीर्ति विहार | A+ |



Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| २५ | रविन श्रेष्ठ | असन | B+ |
| २६ | नीलतारा डंगोल | असन, कमलाक्षी | A+ |
| २७ | शेषनारायण डंगोल | असन | A+ |
| २८ | मेलिना मुनिकार | इनबहाल | B+ |
| २९ | रुसो महर्जन | बनस्थली | A+ |
| ३० | सुजित स्थापित | असन | B+ |
| ३१ | विनिता प्रजापति | ढल्को | O+ |
| ३२ | राजेन्द्र शाक्य | नःघल | A+ |
| ३३ | रसना माली | पुतलीसडक | B+ |
| ३४ | सरिता महर्जन | सामाखुसी | B+ |
| ३५ | सम्पूर्णरत्न कंसाकार | बालाजु | B+ |
| ३६ | कृष्णा कंसाकार | बालाजु | O+ |
| ३७ | क्षान्तिवती गुरुमां | धर्मकीर्ति विहार | AB+ |
| ३८ | अष्टलक्ष्मी शाक्य | भेडासिं | A+ |
| ३९ | दिलशोभा शाक्य | इटा छैं, भक्तपुर | A+ |
| ४० | सुनकेशरी डंगोल | खुसिबुँ | O+ |
| ४१ | मायादेवी महर्जन | ज्याठा | A+ |
| ४२ | सुशिल कंसाकार | श्रीघः | A+ |
| ४३ | दिनेश शाक्य | नःघल | A+ |
| ४४ | लुजनरत्न तुलाधर | लाजिम्पाट | O+ |
| ४५ | निरज श्रेष्ठ | कुलेश्वर | O+ |
| ४६ | सब्रिना श्रेष्ठ | – | A+ |
| ४७ | कृष्ण शाक्य | काठमाडौं | B+ |
| ४८ | कल्पना शाक्य | काठमाडौं | B+ |
| ४९ | सहनशीला तुलाधर | लाजिम्पाट | O+ |
| ५० | निरोज महर्जन | असन | A+ |
| ५१ | सुनिता मानन्धर | ज्याठा | O+ |
| ५२ | अमिता बलामी | टेङ्गल | AB+ |
| ५३ | कमला शाक्य | ओमबहाल | A+ |
| ५४ | मार्क श्रेष्ठ | ठमेल | O+ |
| ५५ | ठूली तामाङ्ग | इन्द्रचोक | B+ |
| ५६ | रितबरत्न स्थापित | लगन | B+ |
| ५७ | मोहनकृष्ण कर्माचार्य | मैतिदेवी | O+ |
| ५८ | महेश श्रेष्ठ | पकनाजोल | O+ |
| ५९ | बाबुकाजी महर्जन | ज्याठा | A+ |
| ६० | वण्णवती गुरूमां | धर्मकीर्ति विहार | O+ |
| ६१ | अरुणसिद्धि तुलाधर | किलागल | A+ |
| ६२ | सुशन श्रेष्ठ | नःघल | O+ |
| ६३ | मयंक श्रेष्ठ | गल्कोपाखा | B+ |
| ६४ | रुबिना शाक्य | खुशिबहिल, ताहाचल | A+ |
| ६५ | हसना शाक्य | नःघल | O+ |
| ६६ | दीपिका ताम्राकार | कमलपोखरी | B+ |
| ६७ | युना स्थापित | फसिकेब | B+ |
| ६८ | नितेश शाक्य | कुपण्डोल | A+ |
| ६९ | कञ्चन शाक्य | कुपण्डोल | A+ |
| ७० | अनिल स्थापित | फसिकेब | A+ |
| ७१ | सोमिता स्थापित | ताहाचल | A+ |
| ७२ | युवक कर्माचार्य | ठहिटी | O+ |
| ७३ | करूणावती गुरुमां | कमलपोखरी | B+ |
| ७४ | मचाकाजी महर्जन | तंलाछी, दथुननी-१६ | A+ |
| ७५ | रोशनकाजी तुलाधर | चित्तधरमार्ग | O+ |
| ७६ | द्वारिकानाथ कपाली | ठहिटी | AB+ |
| ७७ | महेन्द्र ताम्राकार | क्षेत्रपाटी | B+ |

कार्यक्रममा रक्तदाता महानुभावहरूलाई सश्रद्धा फलफूल, मिठाई, दूध र जूसको व्यवस्था मिलाई पुण्य सञ्चय गर्नुभएका दाताहरूको नाम यसरी रहेका छन्–

अष्टमाया पुचः, कीर्तिमैंया पुचः, शरणदेवी पुचः, चम्पा पुचः, पूर्णहेरा पुचः, धर्मकीर्ति पत्रिका पुचः, अनुपमा गुरुमां, अमता गुरुमां, अमृत लक्ष्मी भोटाहिटी, कमला श्रेष्ठ, प्रमोद तुलाधर, चन्द्र शोभा, टीका शाक्य, हरिमान रञ्जित, सानुमाया आदि ।

## अंगुत्तर निकाय विषयमा प्रवचन

*२०७० चैत्र १९ गते । स्थान- धर्मकीर्ति विहार*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कक्षाको प्रवचक मदनरत्न मानन्धरज्यूले अंगुत्तर निकाय अन्तरगत दुक निपात, दुतिय पञ्ञासक धम्मवग्गो विषयमा व्याख्या गर्नुहुँदै भन्नुभयो– यस वर्गमा ११ वटा सूत्रहरू छन्। सूत्र नं. ८८–८९। सूत्र नं. ८८ मा दुईवटा सूत्रहरू छन् । १) चित्त विमुक्ति र २) प्रज्ञा विमुक्ति । चित्तलाई दूषित गरिदिने तत्त्वहरूलाई विनाश गर्ने अर्थात् त्यसबाट छुटकारा प्राप्त गर्ने कार्यलाई चित्तको विमुक्ति भनिन्छ ।

यसरी नै संसार दुःखबाट अलग्ग हुनका लागि प्रज्ञाको माध्यमबाट विभिन्न ज्ञान प्राप्तगरी विमुक्ति हुने अवस्थालाई प्रज्ञा विमुक्ति भनिन्छ ।

यसरी नै सूत्र नं. ८९ मा दुई धर्महरू छन्– १) वीर्य र २) अविक्षेप ।

वीर्य भन्नाले प्रयास, कोशिस, प्रयत्न, मेहनत र उद्योग आदि जनाउँछ ।

अविक्षेप भन्नाले आकुल, व्याकुल नहुनु, मानसिक सन्तुलन कायम हुनु, विक्षिप्त नहुनु र शान्ति प्राप्त हुनु हो । वीर्यले उन्नति गराउँछ भने उन्नति भएपछि मन शान्ति हुन्छ र आकुल व्याकुल हुँदैन ।

सूत्र नं. ९९ मा दुई धर्म विषयमा उल्लेख गरिएका छन्– १) नाम र २) रुप ।

चित्त र चेतसिकलाई नाम धर्म भनिन्छ । चित्त संक्षिप्तमा ८९ वटा छन् । विस्तृत रुपमा १२१ वटा छन् ।

चेतसिक ५२ वटा छन् । वेदना, संज्ञा, संस्कार र विज्ञानलाई नै नाम भनिन्छ ।

रुप २८ वटा छन् ।



Downloaded from http://www.dhamma.digital

# वय धम्मा संखारा



*जन्म :*
१९९४ फागुन, तृतीया

*दिवंगत :*
२०७१ बैशाख २९ गते, त्रयोदशी

# चिनी शोभा कंसाकार

ममतामयी हनेबहःम्ह **मां चिनी शोभा कंसाकार** ७७ दँया उमेरय् नश्वर देह तोताः परलोक जुयादिल । वसपोल मांया परलोक जीवन सुगतिमय जुय्मा नापं संसार दुःखं मुक्तजुयाः निर्वाणपद लाभ याना कायफय्मा धकाः प्रार्थना यासें पुण्यानुमोदन याना च्वना । दुःखं कयाच्वंगु अवस्थाय् मैत्रीपूर्ण श्रद्धाञ्जली अर्पण यानाः बिचाः हायकाच्चूपिं थःथिति इष्टमित्र सकसितं साधुवाद देछाना च्वना ।

*काय्पिं :*
**सुवर्ण कुमार कंसाकार**
**सुशिल कुमार कंसाकार**

*म्ह्यायूपिं :*
**पुण्यलक्ष्मी तुलाधर**
**अलिन्दा ताम्राकार**

*काय् भौ :*
**शीलशोभा कंसाकार**

## स्वास्थ्य शिविर सम्बन्धी सूचना !

**नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स**

धर्मकीर्ति विहारका अध्यक्ष समआदरणिय भिक्षुणी धम्मवती गुरूमांको ८१ औं जन्मोत्सवको पुनित उपलक्ष्यमा सञ्चालन हुन लागेको सात दिने निःशुल्क वैज्ञानिक योग अभ्यास तथा सुजोक म्यागनेटिक थेरापी शिविरमा धर्मकीर्ति विहारका उपासको पासिकाहरूलाई सहभागी हुन हार्दिक आमन्त्रण गर्दछौं ।

हाल सम्म वैज्ञानिक योग अभ्यास तथा सुजोक म्यागनेटिक थेरापीबाट आँखाको विभिन्न प्रकारको समस्या, थाईराईड विभिन्न प्रकारको बाथ रोग, दम साईटिका(नसा) सम्वन्धि रोग), सर्वाइकल स्पोन्डीलाइटिस (मेरू दण्डको रोग), गर्धन, कुम दुख्ने समस्या, ढाड, कम्मर दुख्ने समस्या, घुँडा दुख्ने समस्या, टाउको दुख्ने समस्या (Migrain), उच्च रक्तचाप (High Blood Pressure), निम्न रक्तचाप (Low Blood Pressure), मधुमेह (Diabetes), मोटापा, स्त्री-पुरुषको आन्तरिक रोगहरू, ग्याष्ट्रिक, कब्जियत, हर्निया, अल्काई (Piles), महिनावारी गडबडी, मृगौला (Kidney) सम्बन्धी रोग र महिलाहरूको पाठेघर सम्बन्धी रोगका साथै थुप्रै शारीरिक र मानसिक रोगको सफल उपचार गरिन्छ ।

अतः यदि तपाईं पनि उपरोक्त रोगबाट पिडित हुनु हुन्छ भने चिकित्सा शिविरमा सहभागी भई स्वास्थ्य लाभ गर्न हार्दिक आमन्त्रण गर्दछौं । साथै निरोगी एवं स्वस्थ रहनको लागि तपाईं आफैले पनि यो उपचार विधि सिकेर आफ्नो, आफ्नो परिवारको र समाजको सेवा गर्न सक्नु हुनेछ ।

*कार्यक्रम :*

*निःशुल्क शिविरको मिति, समय र स्थान*

*मिति* : २०७१ असार २-५ र ८-१० गते सम्म । जम्मा ७ दिन
*विहान* : ६:०० बजे देखि ७:०० बजे सम्म
*समापन* : २०७१ असार ११ गते
*विहान* : ६:३० बजे देखि ७:३० बजे सम्म
*स्थान* : धर्मकीर्ति विहारको सभा कक्ष

*आयोजक :*
**दिव्यज्योति समूह नेपाल**
भोटाहिटी, काठमाडौं ।
फोनः ४२२४०८५

**सम्पर्कको लागि चमेली गुरूमां, धर्मकीर्ति विहार**



Downloaded from http://www.dhamma.digital

आर्य अष्टाङ्गिक मार्गया लँपु ज्वना:, चतुआर्य सत्ययात नाला बिज्या:म्ह
थुगु भवसागरं पार जुय्त, जीवनया अनित्य स्वभावयात क:घाना बिज्या:म्ह



*बुदिं :*
ने.सं. १०४७ ञलागाः चतुर्दशी
वि.सं. १९८४ असोज ९ शनिवार
टकसार-५, भगवानटोल, भोजपुर

*मदुगुदिं :*
ने.सं. ११३४ चउलागाः दशमी
वि.सं. २०७१ वैशाख ११, बिहिवार
धरान-१५, सुनगाभा मार्ग, सुनसरी

## दिवंगत मोतिलाल शाक्य

अतिकं हनेबह:म्ह पूजनिय जहान दिवंगत **मोतिलाल शाक्य**या थ्वहे जेठ २४ गते शनिवा: लत्याया पुण्य तिथिस वसपोलया सुगति व निर्वाण पद प्राप्त ज्वीमा धका: आशिका यासे श्रद्धाया स्वाँ देछानागु जुल । थुगु दु:खद इलय् धैर्य धारण यायत मैत्री तया: करूणापूर्वक बिचा: हाय्का बिज्या:पिं सकल थ:थिति, ज:लाख:ला पासापिं नापं थी थी संघ संस्थायात दुनुगलंनिसें साधुवाद देछानाच्वना ।

*म्ह्यायपिं :*
**मय्जु ज्ञानु शाक्य**
**मय्जु पद्मा शाक्य**

*तिरिमय्जु :*
**बालकुमारी शाक्य**
धरान-१५, सुनगाभा मार्ग
सुनसरी

*काय् – भौपिं :*
**कमल – महालक्ष्मी शाक्य**
**प्रदीप – मीना शाक्य**
**सुदीप – सुषमा शाक्य**

---

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*जन्म :*
*वि.सं. १९८४ असोज ९ गते शनिवार*
*कृष्ण पक्ष चतुर्दशी,*
*टक्सार-५, भोजपुर*

*दिवंगत :*
*वि.सं. २०७१ वैशाख ११ विहिवार,*
*कृष्णपक्ष दशमी,*
*धरान- १५,*
*सुनगाभा मार्ग, सुनसरी*

## दिवंगत मोतिलाल शाक्य

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य मोतिलाल शाक्य वैशाख ११ गते विहीबार दिवंगत हुनुभयो । यस दुखद् घडीमा उहाँका सपरिवारले प्रकृतिको अनित्य, दु:ख र अनात्म त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दै दिवंगत शाक्यलाई मैत्रीपूर्वक पुण्यानुमोदन गरिएको छ ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति विहार, श्रीघः नःघः**



Downloaded from http://www.dhamma.digital

# नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा २५५८ औं बैशाख पूर्णिमा महोत्सव सम्पन्न

२५५८ औं बुद्ध पूर्णिमा को उपलक्ष्यमा नेपाल अधिराज्यका विभिन्न जिल्लाका विभिन्न स्थानहरूमा विभिन्न रोचक कार्यक्रमहरू सञ्चालन गरी २५५८ औं वैशाख पूर्णिमा भव्य रूपमा मनाइएको समाचार प्राप्त भएका छन् । ती मध्ये केही सार संक्षेप यहाँ उल्लेख गरिएका छन् ।

**हाँडिगाउँ, काठमाडौं –**

का.म.पा.वडा नं ५, हाँडीगाउँमा श्री श्यामलाल चित्रकारको अध्यक्षतामा २५५८ औं बुद्ध जयन्ती समारोह समिति गठन गरी ९ दिन सम्म बुद्ध जयन्ती समारोह यसरी मनाइएको समाचार छ ।

*(१) २०७१ वैशाख २३ –*

नरः बुद्ध विहारमा स्थलगत बाल बौद्ध चित्रकला प्रतियोगिता संचालन गरिएकोमा कन्सिटिलेसन हा.स्कूलका विद्यार्थी अनुष कुँवार प्रथम, न्यू सन्साईन सेकेन्डरी स्कुलका ओम प्रकाश सिंह द्वितीय, अनमोल ज्योति सेकेन्डरी इङ्गलिस वोर्डिङ्ग स्कुलका लाक्पा शेर्पा तृतीय र न्यू सनसाईन सेकेन्डरी स्कुलका तर्पण शिवाले सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएका थिए । यस प्रतियोगिताका निर्णायकहरू श्रद्धेय भिक्षु उत्तमो र कलाकार शशिकला तिवारी हुनुहुन्थ्यो ।

*(२) वैशाख २४ गते -*

यसदिन लिटिल चिल्ड्रेन एकेडेमीमा पञ्चशील विषयमा स्थलगत बाल बौद्ध निबन्ध लेखन प्रतियोगिता सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा युनिभर्सल उच्च माध्यमिक विद्यालयका विद्यार्थी श्री कृतिका श्रेष्ठ प्रथम, न्यू सनसाइन सेकेण्डरी स्कुलका विद्यार्थी श्री दक्षिणा सिंह, द्वितीय, टंगाल उच्च माध्यमिक विद्यालयका विद्यार्थी श्री निमा कुमारी शाह तृतीय र अनमोल ज्योति सेकेण्डरी इङ्गलिस बोर्डिङ्ग स्कुलका विद्यार्थी श्री श्रृजना थापाले सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएका थिए । यस प्रतियोगिताका निर्णायकहरू श्रद्धेय भिक्षु जनक र सहप्रध्यापक श्री माधव घिमिरे रहनु भएका थिए ।

*(३) वैशाख २५ देखि २९ गते सम्म –*

यस ५ दिन सम्म विभिन्न गुरूमां भन्तेहरूको तर्फबाट नरः बुद्ध विहारमा धर्मदेशना भएको थियो ।

| *बैशाख* | *धर्म देशना गर्नुहुने श्रद्धेय भन्ते गुरूमांहरू* | *जलपान दाता* |
|---|---|---|
| २५ गते | वीर्यवती गुरूमां | तीर्थमान महर्जन |
| २६ गते | केशावती गुरूमां | गणेशमाया प्रजापति |
| २७ गते | भद्दिय भन्ते | सानु, अष्टमाया प्रजापति |
| २८ गते | मेत्तावती गुरूमां | वीरेन्द प्रजापति |
| २९ गते | केशावती गुरूमां | तीर्थ वहादुर वज्राचार्य |

*वैशाख ३० गते – (भिक्षाटन)*

यसदिन धर्मकीर्ति विहार र यस विहारमा शाखाहरूबाट समेत गरी जम्मा २१ जना गुरूमांहरूले नरः बुद्ध विहारको भवन निर्माणको लागि सहयोगार्थ हाँडिगाउँको घरदैलोमा भिक्षाटन गर्नुभई नरः बुद्ध विहार मा पुगी भिक्षाटन कार्य सम्पन्न गरिएको थियो । त्यसपछि पञ्ञावती गुरूमां लगायत अन्य गुरूमांहरूको तर्फबाट सामुहिक, परित्राण पाठ गरी कुशुम गुरूमांले धर्मदेशना गर्नुभएको थियो ।




*हाडिगाउँमा बुद्ध जयन्ति महोत्सव कार्यक्रम सञ्चालन हुँदै*



Downloaded from http://www.dhamma.digital

उक्त भिक्षाबाट संकलित नगद रू. ३८७००/– नरः बुद्ध विहारको लागि चन्दा सहयोग प्रदान गरिएको कुरा बुझिएको छ । यसदिन हाँडिगाउँमा दक्षिणकाली कोषले भोजनको प्रायोजन गरेको थियो ।

*वैशाख ३१ गते –*

बुद्ध जयन्तीको दिन विहान बुद्धपूजा पछि साँस्कृतिक बाजागाजाका साथ, बुद्ध मूर्ति सहित सिंगारिएको रथ र स्कुलका विद्यार्थीहरू लगायत जनमानसले वडा परिक्रमा गरी बौद्ध सभामा परिणत भएको थियो । माननिय कानून तथा न्याय मन्त्री श्री नरहरी आचार्यज्यूको प्रमुख अतिथित्त्वमा संचालित उक्त कार्यक्रममा विभिन्न प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो भने ज्यालीमा सहभागी साँस्कृतिक बाजा खलःहरूलाई र विद्यालयहरूलाई उपहार वितरण गरिएको थियो ।

पञ्चशील प्रार्थना पछि शुरू भएको उक्त कार्यक्रममा माननिय मन्त्रीज्यूले आर्य सत्यलाई प्रकाश पार्नुहुँदै बुद्ध शिक्षालाई हाम्रो आचरणमा ढाल्न आवश्यक भएको विषयमा चर्चा गर्नुभएको थियो । सचिव श्री नरेश डंगोलले स्वागत गर्नु भएको उक्त कार्यक्रममा विश्व शान्ति विहारका श्रद्धेय श्रामणेर अभयले पापकार्य नगर्नु, धर्मानुकुल आचरण गर्नु र चित्त परिशुद्ध गर्नु नै बुद्ध शिक्षा हो भन्नुहुँदै धर्मदेशना गर्नु भएको थियो ।

यसरी नै धर्मकीर्ति विहारका इन्दावती गुरूमांले बुद्ध गुण स्मरण गरी आशिर्वचन दिनुभएको थियो । उक्त कार्यक्रममा श्री अरूण कुमार मानन्धरले भन्ते गुरूमांहरूलाई चीवर दान गरी भोजन अर्पण गर्नु भएको थियो ।

गोपाल डंगोलले उद्घोषण गर्नु भएको उक्त कार्यक्रममा अध्यक्ष श्यामलाल चित्रकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**श्रीघः काठमाडौं –**

श्रीघः ज्ञानमाला भजन खलःको आयोजनामा २५५८ औं बुद्ध जयन्तीको उपलक्ष्यमा श्रीघः परिसरमा ज्ञानमाला भजन, क्षीर भोजनको साथै सिंगारिएको मोटरमा सिद्धार्थ र बुद्ध मूर्ति राखी नगर परिक्रमा गरिएको थियो ।

श्रीघःबाट सुरू गरिएको नगर परिक्रमा इन्द्रचोक, लगन, ब्रम्हटोल, प्याफल, क्षेत्रपाठी ठँहिटी हुँदै पुनः श्रीघःमा पुगी विसर्जन गरिएको थियो ।

**भृकुटीमण्डप, काठमाडौं –**

२५५८ औं बुद्धजयन्ती समारोह समिति, कवि गोष्ठी उप-समितिको आयोजनामा २०७१ वैशाख २८ गते आइतबार, बुद्ध विहार, भृकुटी मण्डपमा बहुभाषिक कवि गोष्ठी आयोजना गरिएको समाचार छ। २५५८ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा संचालित यस कार्यक्रमको संयोजिका प्रा.वेटी वज्राचार्य हुनुहुन्छ ।

**भक्तपुर –**

एभरेष्ट इङ्गलिस स्कुल भक्तपुरमा परियत्ति शिक्षा सञ्चालन गर्ने उद्देश्य लिई परियत्ति विचार गोष्ठी सञ्चालन गरिएको समाचार छ । नेपाल बौद्ध परियत्ति शिक्षा अन्तरगत शिक्षक शिक्षिका शिक्षण उप-समितिका संयोजक ञाणवती गुरूमांको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा स्कुलका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । प्रमुख अतिथि ञाणवती गुरूमां र शिक्षिका रश्ना वज्राचार्यले परियत्ति शिक्षाको महत्त्व सम्वन्धी आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएपछि शिक्षिका पल्पसा शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रममा भगवान् बुद्धको चित्रकला प्रदर्शन गरिएको थियो ।

यसरी नै मैत्रेय युवा संघ भक्तपुरको आयोजनामा बाल बौद्ध चित्रकला प्रतियोगिता सम्पन्न गरिएको थियो । जयकीर्ति महाविहार, थथवुहीमा सम्पन्न भएको उक्त प्रतियोगितामा परियत्ति शिक्षाका १५ जना विद्यार्थीहरूले भाग लिएका थिए । साँझपाख ज्ञानमाला भजन तथा दीपावली पनि गरिएको उक्त कार्यक्रममा एभरेष्ट स्कुल भक्तपुरका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारी लेखक रत्न सुन्दर शाक्य तथा परियत्ति शिक्षाका शिक्षक विष्णु पनेरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो भने संघका अध्यक्ष तिर्थराज वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**बनेपा –**

प्रत्येक वर्ष बुद्ध जयन्ती समारोह समिति गठन गरी सोही समितिबाट साप्ताहिक ज्ञानमाला भजन र धर्म उपदेश कार्यक्रम सञ्चालन हुने गर्थ्यो । यही क्रमानुसार यसपाली पनि २५५८ औ बुद्ध पूर्णिमाको दिन बुद्धजयन्ती समितिको तर्फबाट विहानै धार्मिक संघसंस्था स्कुलका शिक्षक र विद्यार्थीवर्ग सहित बाजागाजाका साथ स्थानिय सुदर्शन विहारबाट भव्यरूपमा सजाइएको खटमा बुद्ध प्रतिमा राखी नगरपरिक्रमा गरिएको थियो । उक्त ज्यालि ध्यानकुटी विहारमा पुगेपछि भिक्षु बोधिसेन महास्थविरले बुद्ध पूजा सञ्चालन गर्नुभई भिक्षु अश्वघोष महास्थविर बाट धर्मदेशना भएको थियो । दान प्रदान पछि कार्यक्रममा उपस्थित सबैलाई क्षीर भोजन गराइएको समाचार छ ।

**फलफुल वितरण (शीर मेमोरियल अस्पतालमा) –**

सोहिदिन अपरान्ह ध्यानकुटी विहारबाट स्थानिय अस्पतालका विरामीहरूलाई फलफुल तथा विस्कुट



Downloaded from http://www.dhamma.digital

प्रसादको रूपमा वितरण गरी उनीहरूको स्वास्थ्य लाभको कामना गरिएको थियो ।

**पनौति –**

पनौति नगर पालिकाका अवस्थित बुद्ध विहार पनौतिमा साप्ताहिक बुद्ध पूजा, अन्तिम दिन वैशाख ३१ गते ज्ञानमाला भजन सहित रथ परिक्रमा गराई विहार परिसरमा ल्याइएको थियो । त्यसपछि विहारका भिक्षु रेवतकीर्तिले शील प्रार्थना गराउनु भएको थियो ।

## २५५८ औं बुद्ध जयन्तीमा शान्ति प्रार्थना एवं वृहत् जन सहभागिता

शान्ति नायक शाक्यमुनि बुद्धको जन्मभूमि नेपालमा रहेको सम्पूर्ण बुद्ध अनुयायी र आदिवासी जनजाती संघ संस्थाहरूको संयुक्त आयोजनामा सप्ताहव्यापी रूपमा २५५८ औं बुद्ध जयन्ती विभिन्न कार्यक्रमका साथ सम्पन्न गरिएको छ । ती मध्ये २०७१ बैशाख २७ गते शनिवार काठमाडौंको टुँडिखेलमा महायानी लामागुरूहरू र वज्रयानी गुरूहरूबाट शान्तिपाठ गरिएको थियो भने थेरवादी भिक्षु भिक्षुणी संघबाट परित्राण पाठ गरिएको थियो ।

माननिय कानून तथा न्याय संसदिय मामिला एवं शान्ति तथा पुनः निर्माण मन्त्री श्री नरहरि आचार्यज्यूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा भिक्षु पियदस्सीले स्वागत भाषण गर्नु भएको थियो ।

कार्यक्रममा थेरवादी भिक्षुसंघ, महायानी भिक्षुहरू र बज्रयानी गुरूहरूबाट पनि मंगलपाठ गरिएको थियो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष कर्मा सङ्गबो लामाले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा नरेश वज्राचार्य, श्रीलंका राजदूत, मन्त्रीज्यू, आदिवासी जनजाती संघका अध्यक्ष ज्यू, वर्षमान पुःन लगायत प्रमुख अतिथीज्यूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए भने कार्यक्रममा सभापति भिक्षु फुबु छेम्बे शेर्पाले आफ्नो मन्तव्य व्यक्त गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

**धर्मकीर्ति विहार, काठमाडौं –**

विहान धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरिसकेपछि २५५८ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा यसदिन बुद्धपूजा गरिएको थियो । बुद्धपूजा कार्यक्रम पश्चात् धम्मवती गुरूमांले धर्मदेशना गर्नु भएको थियो ।

दिउँसो वीर अस्पतालका विरामीहरूलाई उनीहरूको सिघ्र स्वास्थ्य लाभको कामना गरी विस्कुट र जूस प्रसाद वितरण गरिएको थियो ।

साँझपख ध्यानभावना एवं बुद्ध पूजा गरी सामुहिक परित्राण पाठ गरिएको थियो ।

**आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं –**



*२५५८ औं बैशाख पूर्णिमा महोत्सवको उपलक्ष्यमा आनन्दकुटी विहार प्रांगनमा सञ्चालित सार्वजनिक सभा*

यसदिन २५५८ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा स्वयम्भूस्थित आनन्दकुटी विहारमा सार्वजनिक सभा सम्पन्न गरिएको थियो । उक्त सभामा प्रमुख अतिथि सुशील कोइरालाले आजको सन्दर्भमा बुद्ध शिक्षा विश्वका लागि नै प्रेरणा स्रोत बनेको र उहाँले जस्तै हामीले पनि समर्पण भावले काम गर्नसके कुनै पनि कुरा असम्भव नभएको विषयमा चर्चा गर्नुभएको थियो ।

बुद्ध जयन्ति समारोह समितिको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा श्रीलंका राजदूत डब्लु एम सेनेभिराथ्ना, म्यानमार, राजदूतावासका सेक्रेटरी, रुसी राजदूत सेर्गेई भी भेलेचकिन आदिले बुद्ध शिक्षालाई हामी सबैले आत्मसात गर्न सके विश्वमा शान्ति कायम गर्न सजिलो हुने मनसाय व्यक्त गर्नु भएका थिए ।

समारोह समितिका अध्यक्ष भिक्षु धर्ममूर्ति अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कौण्डञ्ञ, समितिका सल्लाहकार प्राध्यापक सुवर्ण शाक्य, समितिका



Downloaded from http://www.dhamma.digital

महासचिव गौतम शाक्य आदिले बुद्ध शिक्षाले सिकाएको अमूल्य ज्ञानलाई हामीले पालन गर्नसके हाम्रो आफ्नो भलो सुनिश्चित भएको विषयमा चर्चा गर्नु भएका थिए ।

उक्त कार्यक्रममा थेरवादी, महायानी एवं वज्रयानी समूहबाट शान्ति पाठ गरे पश्चात् प्रधानमन्त्रीले संघनायक भिक्षु अश्वघोष महास्थविर, संघ उपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर, धम्मवती गुरूमां, माधवी गुरूमां, प्राध्यापक सुवर्ण शाक्य, उद्योगपति लक्ष्मीदास मानन्धर, पूर्वमन्त्री प्रयागराज सिंह सुवाल, नानीभाई स्थापित, श्यामकृष्ण मानन्धर, सुभद्रा मानन्धर, काइँली रञ्जित आदिलाई उहाँहरूको धार्मिक योगदानलाई कदर गर्दै सम्मान तथा पुरस्कार प्रदान गर्नु भएको थियो ।

बुद्ध जयन्तिको उपलक्ष्यमा आनन्दकुटी विहारमा बुद्धको अस्थिधातु प्रदर्शन लगायत त्यसदिन उपस्थित भक्तजनलाई क्षीर भोजन दान गरिएको थियो । यसको साथै विभिन्न खेलकूद प्रतियोगिताका विजयी प्रतियोगीहरूलाई पुरस्कार पनि प्रदान गरिएको थियो ।

अन्त्यमा संघरत्न शाक्यले धन्यवाद, ज्ञापन गर्नुभएको थियो भने भिक्षु धर्ममूर्तिले पुण्यानुमोदन गर्नुभएको थियो ।

**ललितपुर –**

ललितपुर स्थित पद्मावती विहारमा मन्त्री महेश आचार्यको प्रमुख आतिथ्यमा बुद्ध पूर्णिमा महोत्सव सम्पन्न गरिएको समाचार छ। उक्त कार्यक्रममा लुम्बिनीमा निर्माण भईरहेको नेपाल वज्रयान महा विहारमा स्थापना गर्नको लागि तयार गरिएको चैत्य प्रदर्शन गरिएको थियो। उक्त चैत्य नेपाल हस्तकला महासंघले डिजाइन गरिएको कुरा थाहा हुन आएको छ । बुद्ध पूर्णिमाको उपलक्षमा बुद्ध मूर्ति सहितको एक ऱ्यालीले ललितपुरको विभिन्न स्थानहरू परिक्रमा गरी नः वहालमा सभा गरिएको थियो। विभिन्न व्यक्तिहरूले मन्तव्य व्यक्त गरिएको उक्त सभामा बुद्ध धर्मको क्षेत्रमा सक्रिय व्यक्तिहरूलाई प्रमाण पत्र प्रदान गरी सम्मान गरिएको थियो ।

**बौद्धमा अस्तिधातु प्रदर्शन –**

२५५८ औ बुद्ध जयन्तीको अवसरमा बौद्धनाथक्षेत्र विकास समितिले बौद्ध स्थित गुरू ल्हाखाङ गुम्बामा प्रतिस्थापन गरिएको बुद्धको अस्तिधातु बिहान ९ बजे देखि सार्वजनिक प्रदर्शनीमा राखिएको समाचार छ। प्राप्त समाचार अनुसासर तीन वर्षको पहलपछि बौद्धनाथ क्षेत्र विकास समितिले काठमाडौं स्थित श्रीलंकाली राजदूतावासको सहयोगमा उक्त अस्तिधातु नेपाल ल्याइएको थियो ।

क्षेत्र विकास समितिका अध्यक्ष सम्पूर्ण कुमार लामाका अनुसार श्रीलंकाको क्याण्डी स्थित “टेम्पल अफटुथ” बाट उक्त धातु ल्याइएको हो । भगवान बुद्धको दन्त धातु सुरक्षित रहेको विहार “टेम्पल अफ टुथ” संसार मा प्रसिद्ध छ ।

**मरू टोल, काठमाडौं –**

संघाराम विहार ढल्कोमा सञ्चालन भइरहेको त्रिपिटक अध्ययन समूहको एक सदस्य सूर्यकर शाक्यले मरू स्थित आफ्नो गृहमा २५५८ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा परित्राण पाठ, धर्मदेशना एवं भोजन दान सहित दान प्रदान कार्यक्रम आयोजना गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

जेठ ३ गते शनिवार संचालित उक्त कार्यक्रममा श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविर, श्रद्धेय भिक्षु उपतिस्स महास्थविर, श्रद्धेय धीर सुमेधो महास्थविर, डा.अनोजा गुरूमां, वीर्यवती गुरूमां र शुभवती गुरूमां सहितबाट सामूहिक परित्राण पाठ सम्पन्न भएको थियो। सो पश्चात् पूज्य भिक्षु अश्वघोष महास्थविरबाट धर्मदेशना भएको थियो ।

त्रिपिटक अध्ययन समूहका सदस्यहरू सम्मिलित भएको उक्त कार्यक्रममा दाता सूर्यकर शाक्यले त्रिपिटक अध्ययन कक्षाको लागि रू ६१४०।- चन्दा सहयोग प्रदान गर्नुभएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

**रूपन्देही –**

रूपन्देही, लुम्बिनीमा २५५८ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा भव्यरूपमा लुम्बिनी दिवस मनाइएको समाचार छ। प्रधान मन्त्री सुशील कोइरालाले उद्घाटन गर्नुभएको उक्त समारोहमा उहाँले बुद्ध शिक्षा सबैकोलागि प्रेरणाको श्रोत भएको चर्चा गर्नुहुँदै यस शिक्षाको अभ्यास गर्दै शान्ति र विकासको मार्गमा हातेमालो गर्न आग्रह गर्नु भएको थियो ।

यसरी नै आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा नागरिक उड्डयन मन्त्री भीम आचार्यले लुम्बिनी विकासलाई सरकारले राष्ट्रिय गौरवको आयोजनामा राखेको कारणले यसलाई ढिला नगरी यस कार्यको लागि प्रयाप्त बजेट छुट्याउनु पर्नेमा जोड दिनुभएको थियो ।

मुख्य सचिव लीलामणि पौडेलले शाक्यमुनि बुद्धको मावली एवं ससुराली नवलपरासीको रामग्राम र देवदह, जन्मस्थल रूपन्देही लुम्विनी र हर्केवढेको कपिलवस्तुको प्राचीन तिलौराकोटलाई समेटेर विश्व शान्ति संघको स्वरूपमा विकास गर्न रूपरेखा तयार गर्ने काम अघि बढेको विषयमा चर्चा गर्नुभएको थियो ।

यसरी नै पूर्वपर्यटन मन्त्री दीपकुमार उपाध्याय, लुम्बिनी विकास कोषका उपाध्यक्ष आचार्य कर्मास्याङवो,



Downloaded from http://www.dhamma.digital

नेपालका लागि चीनका राजदूत उ चुन ताई आदिले बुद्ध शिक्षा एवं लुम्बिनीको महत्त्व विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए ।

यसदिन विशाल प्रभातफेरीले दुई किलोमिटर क्षेत्र परिक्रमा गरेको थियो भने मायादेवी मन्दिर लगायत विभिन्न विहारमा बुद्ध पूजा गरिएको थियो । लुम्बिनीको प्रचारका लागि चारदिने साइकल यात्रा तप गरी आइपुगेका विश्व साइकलयात्री पुस्कर शाहलाई सम्मान गरिएको थियो ।

**भैरहवा –**

२५५८ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा भैरहवामा आयोजित एक समारोहमा प्रधानमन्त्री सुशील कोइरालाले आजको आवश्यकता युद्ध नभई शान्तिको सन्देश फैलाउने बुद्ध रहेको बताउनु भएको थियो ।

लुम्विनी विकास कोषका अध्यक्ष तथा नागरिक उड्डयन एवं पर्यटन मन्त्री महेश आचार्यले बुद्ध शिक्षाले शान्ति र अहिंसाको बाटोमा लाग्न प्रेरित गरेको विषयमा चर्चा गर्नु भएको थियो ।

यसरी नै लुम्विनी विकास कोषका उपाध्यक्ष कर्मा स्याङ्वो शेर्पाले लुम्बिनी गुरू योजनाको विकास ८० प्रतिशत पूरा भएको र बाँकी काम पनि ३,४ बर्ष भित्र पूरा भइसक्ने विषयमा चर्चा गर्नुभएको थियो ।

यसरी नै नेपाल सरकारका मुख्य सचिव लिलामणि पौडेल, कोषका पूर्व अध्यक्ष दीपकुमार उपाध्याय, चिनीयां राजदूत, कोरिया राजदूत आदिले आआफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । कार्यक्रममा मायादेवी मन्दिर देखि कार्यक्रम स्थल लुम्बिनी अन्तर्राष्ट्रिय संग्रहालय केन्द्रसम्म रथयात्रा गरिएको थियो ।

**बौद्ध महिला संघ, बुद्ध विहार, भृकुटी मण्डप –**

२५५८ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बौद्ध महिला संघले विशेष बौद्ध समारोहको आयोजना गरिएको समाचार छ। उक्त समारोहमा बौद्ध महिला संघका अध्यक्ष केशरी लक्ष्मी मानन्धरले मन्तव्य ब्यक्त गर्नुभएको थियो भने लुम्बिनी विश्वविद्यायलका निवर्तमान, उपकुलपति डा. त्रिरत्न मानन्धरले वौद्ध परियत्ति शिक्षा परीक्षामा उर्त्तिण विद्यार्थीहरूलाई प्रमाण पत्र र बुद्ध मूर्ति प्रदान गर्नुभएको थियो । यसरी नै भिक्षु धर्ममूर्तिले विशेष व्यक्तिहरूलाई प्रमाण पत्र प्रदान गर्नुभएको थियो भने भिक्षु अश्वघोष महास्थविरले उपासक डबल मान तुलाधर लाई सम्मान पत्र प्रदान गर्नुभएको थियो ।

**नगदेश, थिमी –**

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा २५५८ औं बुद्ध पूर्णिमा (वैशाख पूर्णिमा) को उपलक्ष्यमा नगदेश बुद्ध विहारको धम्महलमा श्रद्धेय भिक्षु राहुलवाट शील प्रार्थना गराउनु भई बुद्ध पूजा कार्यक्रम संचालन गरिएको थियो ।

नगदेश बौद्ध समूहका अध्यक्ष दीपकराज साँपालज्यूको अध्यक्षमा र डा. सानुभाई डंगोलको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा समूहका कोषाध्यक्ष भक्त हाँय्जुले स्वागत मन्तव्य दिनु भएको थियो । प्रमुख अतिथीले बुद्ध पूर्णिमाको महत्त्व दर्शाउनु भएको उक्त कार्यक्रममा समूहमा सचिव कृष्ण कुमार प्रजापतिले २५५८ औं बुद्धको पुण्य तिथी रहेको र बुद्ध जयन्ति भन्नलाई २६३८ औं भन्नु उपयुक्त हुने कुरा बताउनु भएको थियो । उक्त कार्यक्रममा मन्तव्य ब्यक्त गर्नुहुने व्यक्तिहरू यसरी हुनु हुन्थ्यो– डा. लक्ष्मण शाक्य, (ज्यापु महागुथीका पूर्व अध्यक्ष विपेन्द्र महर्जनले स्वपहिचान विषयलाई लिई आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यसपछि समूहका अध्यक्ष शिवभक्त मेजुले धन्यवाद ज्ञापन गर्नुभई सभाका सभापतिले मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गरिएको थियो ।

उक्त कार्यक्रम पश्चात् सभामा उपस्थित भन्ते गुरूमां प्रमुख अतिथी लगायत अन्य व्यक्तिहरूलाई पनि न्हुछेकुमार सिंकेमन परिवारले भोजन र जलपानको व्यवस्था मिलाउनु भएको थियो ।

भोजन पश्चात् बुद्ध भगवान् र बुद्धको अस्थिधातु प्रदर्शन गरी दिउँसो बुद्धमूर्ति खटमा राखी विभिन्न वाजागाजा सहित नगदेश ज्ञानमाला भजन खलःले ज्ञानमाला भजन गरी नगदेश परिक्रमा गरिएको थियो ।

बेलुका बहाननी टोल नगदेशमा नगदेश ज्ञानमाला भजन खलःबाट ज्ञानमाला भजन प्रस्तुत गरी साप्ताहिक ज्ञानमाला भजन समापन गरिएको थियो ।

**वसुन्धरा विहार, काठमाडौं –**

२५५८ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा वैशाख २७ गतेका दिन धर्मकीर्ति बसुन्धरा विहारमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । विहारको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा ८६ जवान रक्तदाताहरूले रक्तदान गर्नुभएका थिए ।

रक्तदाताहरूलाई उपासक शुद्धध्वज श्रेष्ठ परिवार तथा वसुन्धरा विहारका अन्य उपासक उपासिका समूहले जलपान दान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

**कीर्तिपुण्य भुवन सुन्दर विहार (यता बहाः) –**

२५५८ औं बुद्ध जयन्तिको उपलक्ष्यमा दी शाक्य फाउण्डेशन नेपालले कीर्तिपुण्य भुवन सुन्दर विहार यता बहाः मा विभिन्न कार्यक्रम संचालन गरी बुद्धजयन्ति उत्सब मनाइएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार पञ्चशील प्रार्थना पश्चात् शुरू



Downloaded from http://www.dhamma.digital

गरिएको उक्त कार्यक्रममा जनक नेवाः शाक्यले पञ्चशील विषयमा प्रवचन दिनु भएको थियो भने हर्ष मुनि शाक्यले विहारको परिचय दिनुभएको थियो । देवकाजी शाक्यले चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग आदि बुद्ध शिक्षा विषयमा व्याख्या गर्नुहुँदै यो शिक्षालाई आफ्नो जीवनमा प्रयोग गर्न सकेमा दुःखबाट मुक्त हुने विषयमा चर्चा गर्नु भएको थियो । यसरी नै फाउण्डेशनका अध्यक्ष अमीर मान शाक्यले न्यूटनको तेश्रो नियमानुसार हामीले कसैलाई राम्रो बोली र व्यवहार प्रयोग गर्न सकेमा त्यही अनुसार हामीलाई पनि राम्रो बोली र व्यवहार प्राप्त हुनेछ । त्यसैले हामीले सदा राम्रो बोली र व्यवहार प्रयोग गर्नु उत्तम हुनेछ भन्नुभयो । उक्त कार्यक्रम धर्मरत्न शाक्यको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

**श्रीघः ज्ञानमाला भजन खलः काठमाडौं** –

श्रीघः ज्ञानमाला भजनखलःले विभिन्न कार्यक्रमहरू सञ्चालन गरी २५५८ औं बुद्ध पूर्णिमा महोत्सवको आयोजना गरेको समाचार छ । प्राप्त समाचार अनुसार वैशाख २४ देखि ३१ गते सम्म काठमाडौं, ललितपुर र भक्तपूरका ३ वटा भजनखलः धर्मकीर्ति भजन खलः, नगर मण्ड श्रीकीर्ति ज्ञानमाला भजन खलः कीर्तिपुर, दिपंकर ज्ञानमाला भजन खलः भक्तपुर, मयूर वर्ण ज्ञानमाला भजनखलः भिन्छेबहाः ललितपुर आदि समूहको तर्फबाट ज्ञानमाला भजन प्रस्तुत गराइएको थियो ।

वैशाख २८ गते बुद्धको शान्ति सन्देश प्रवाह गराउने उद्देश्यले राष्ट्रिय धावक रत्न तुलाधरले श्रीघः काठमाडौं देखि दोलखा भिमसेन स्थानसम्म शान्ति दौडको कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त दौड शुरूगर्ने क्रममा ज्ञानमाला भजन खलःका उपाध्यक्ष माणिक रत्न शाक्य र सचिव अमीर मान शाक्यले खाडा ओढाई सफल यात्राको कामना गरेको थियो भने गायक भृगुराम श्रेष्ठले बौद्ध झण्डा अर्पणगरी विदाई गर्नु भएको थियो ।

श्रीघःबाट शुरू गरिएको उक्त दौड भक्तपुर, बनेपा, दोलालघाट, हुँदै वैशाख ३१ गते दोलखा भिमसेन स्थान पुगी शान्ति कामना गर्दै दीप प्रज्वलन गरिएको थियो ।

यसरी नै वैशाख ३१ गते वैशाख पूर्णिमाको दिन भजन, बुद्धपूजा, क्षीर भोजन दान, दिउँसो सिद्धार्थको मूर्ति र बुद्ध मूर्ति मोटरमा राखी बाजागाजा सहित थुप्रै उपासक उपासिकाहरूले नगर परिक्रमा गरेका थिए । श्रीघःबाट शुरू गरिएको उक्त ऱ्यालिले नःघल, इन्द्रचोक, लगन, ब्रह्मटोल, कोहिती, भिमसेनस्थान,प्याफल, न्यत, क्षेत्रपाटी थँहिती हुँदै पुनः नःघलमा आई समापन गरिएको थियो । साँझपख दिपावली गरी भजन गरेर कार्यक्रम सम्पन्न गरिएको थियो ।

**भक्तपुर** –

२५५८ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा मैत्रेय युवा संघको आयोजनामा बाल बौद्ध चित्रकला प्रतियोगितामा सहभागी प्रतियोगीहरूलाई प्रमाणपत्र तथा नगद पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

पञ्चशील प्रार्थना पश्चात् शुरु गरिएको उक्त कार्यक्रममा सञ्चित बुद्धाचार्यले स्वागत भाषण गर्नुभएपछि चित्रकलामा भाग लिनु भएका प्रतियोगीहरूलाई श्रद्धेय धम्मशोभन महास्थविरले प्रमाणपत्र वितरण गर्नुभएको थियो । यसरीनै परियत्ति अक्षयकोषका प्रतिनिधि इन्द्रमाया वज्राचार्यले नगद, पुरस्कार वितरण गर्नुभएको थियो ।

प्रतियोगिताको नतिजा यसरी रहेको थियो–
कविर कायष्ठ–प्रथम, विनय वज्राचार्य–द्धितीय
लूनिभाः चित्रकार–तृतीय, मेघना श्रेष्ठ–सान्त्वना
लूजः शाक्य–सान्त्वना ।

सहभागीहरू– जेनिशा श्रेष्ठ, प्रज्वल धुख्वाः, सक्षम बज्राचार्य, प्रज्ञा कायष्ठ, लूनिभाः शाक्य, गङ्गा बखुँछचैं, जमुना बखुँछचैं, प्रज्ञा ढोङ्ग, सुष्मिता ढोङ्ग, आयुष शाक्य, सजल शाक्य आदि ।

परियत्ति शिक्षाका प्रशिक्षार्थी कविर कायष्ठ, विनय बज्राचार्य, लूनिभाः चित्रकार र जेनिशा श्रेष्ठ आदिले परियत्ति शिक्षा र चित्रकला तालिम विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । यसरी नै प्रशिक्षक राजन मानन्धर र निर्णायक विष्णु पनेरुले निर्णय सुनाउनु भएको थियो ।

संघका अध्यक्ष तीर्थराज वज्राचार्यका सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रममा देवचन्द्र वज्राचार्य र मदन तुलाधरले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए भने संघका उपाध्यक्ष सत्यलक्ष्मी रञ्जितले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## अभिधर्मको कक्षा हुँदैछ–अध्ययन गरौं

धर्मकीर्ति विहार स्वर्ण महोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा अभिधर्मको कक्षा सञ्चालन हुन लागेको सहर्ष जानकारी गराउँदै बुद्धधर्मको यस मूल दर्शनलाई गहन रुपमा बुझ्ने अवसर लिन आह्वान गर्दछौं ।

श्रद्धेय धम्मवती गुरुमांबाट पहिले देशना गर्नुभएको अभिधर्म कक्षाको प्रत्यक्ष भिडियो रेकर्डिङ्गको माध्यमबाट कक्षा हुनेछ ।

*कक्षा हुने मिति* : २०७१ असार २३ देखि श्रावण ५ सम्म
*समय* : साँझ ४:३०–६:०० बजे सम्म
*सम्पर्क* : **९८४१-२८०६७३, ९८५१०-०३६०४**



Downloaded from http://www.dhamma.digital

## हा ! मतन्ता सजीवका !

(अहो ! सकल प्राणीपिं मरणं अन्त ज्वीपिं !)



Dhamma.Digital

# चिनी शोभा कंसाकार

*( जन्मः १९९४ फागुन तृतीया – दिवंगतः २०७१ बैशाख २९ गते, त्रयोदशी )*

बनेपा, ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमया सचिव श्रद्धेय भिक्षु राहुल भन्तेया
स्नेहमयी मां, अथेहे बाल आश्रमया आजीवन वार्षिक भोजन दाता
**दिवंगत चिनी शोभा कंसाकार ७७ दँया उमेरय्**
अस्थिरगु देह तोताः परलोक जुयाः दीगुलिं वसपोलया
पारलौकिक जीवन सुगतिमय जुय्मा, नापं संसार दुःखं मुक्तजुयाः निर्वाणपद
लाभ याना काय्फय्मा धकाः आशिका यानाच्वना ।

## ध्यानकुटी विहारया उपासक उपासिका परिवार
## मैत्री केन्द्र (मेत्ता सेन्टर) परिवार, बनेपा

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**

*बुदिं :*
*वि.सं. १९८६ आषाढ २७, बुधवार*
*(ने.सं. १०४९)*



*मदुगुन्हि :*
*बि.सं. २०७० चैत्र १६, आइतवार*
*(ने.सं. ११३४ चिल्लागाः १४)*

# दिवंगत सुर्जमाया तुलाधर

सुथे दनेवं लुमंके बहःम्ह, बुद्ध शिक्षाय् तसकं आस्था दुम्ह, अनन्त गुणं सम्पन्नम्ह जिमि मां सूर्जमाया तुलाधर ८४ दँया वैशय् आकाभ्काकां थःगु नश्वर देह त्याग यानादिल ।

जिमि मां न्ह्याथाय् जन्म जूसां जाती, जरा, ब्याधि, मरणं मुक्त ज्वीफैगु बुद्ध शिक्षा सयक्यगु हेतु चूलाय्मा । याकनं निर्वाण सम्पत्ति प्राप्त ज्वीमा ।

थुगु दुःखद घडी जिमित धैर्य धारण यायुत हौसला बियाः बिचाः हायकः भ्काःपिं सकल थःथिति व पासाभाईपिन्त दुनुगलं निसें कृतज्ञता प्वंकुसे साधुवाद देछायाच्वना ।

*म्ह्यायपिं – जिलाजंपिं :*

**डा. चन्द्रहीरा कंसाकार – डा. विद्यावीरसिं कंसाकार**
**सुनीता ताम्राकार – प्रेम बहादुर ताम्राकार**

*छयपिं – छयभौपिं :*

**डा. प्रसन्न वीरसिं कंसाकार – सुनीरा कंसाकार**
**डा. प्रेरणा कंसाकार –**
**इ. नीरज ताम्राकार – नबीना ताम्राकार**

*छय् – छयजिलाजँ :*

**सोनिका कंसाकार – शुशील ज्योति कंसाकार**

*छुई :*

**प्रशंसा कंसाकार**

*कायचा छयपिं :*


**मोहन रत्न तुलाधर –**
**लक्ष्मीरत्न तुलाधर** – *कायचा छयभौ* – **सोनिया तुलाधर**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



पूज्य भिक्षुणी धम्मवती गुरुमांलाई सम्मानपत्र प्रदान गर्नुहुँदै प्रधानमन्त्री सुशील कोइराला

वर्ष-३२; अङ्क-२

बु.सं. २५५८, ज्याःपुन्हि

Downloaded from http://www.dhamma.digital

*२५५८ औं बुद्ध जयन्ती समारोह समितिले धम्मवती गुरुमांलाई प्रदान गरेको "सम्मान-पत्र" मा उल्लेख गरिएको सम्मान शब्दहरू*

# बुद्ध जयन्ती समारोह समिति, २५५८

**आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं ।**

नगर कार्यालयः श्रीघः विहार, नःघल, काठमाडौं

# सम्मान-पत्र

**अनागारिका धम्मवती,**

**"अग्गमहा गन्थवाचक पण्डित, धम्माचरिय"**

**धर्मकीर्ति विहार, श्रीघः, काठमाडौं ।**

बुद्ध जन्मभूमि राष्ट्र नेपालमा बुद्धको जीवनोपयोगी उपदेशलाई जनमानसमा पुऱ्याउने विभिन्न माध्यम अन्तर्गत दशकौं अगाडिदेखि बुद्धजयन्ती समारोह समितिले राष्ट्रप्रमुख वा सरकार प्रमुखको समेत गरिमामय उपस्थितिमा आनन्दकुटी विहार, स्वयम्भूमा बुद्धजयन्ती मनाउनुका साथै अन्य विभिन्न प्रचार–प्रसारमुखी धार्मिक क्रियाकलाप सञ्चालन गरिंदै आइरहेको छ । विश्वज्योति–विश्वविश्यात महामानव बुद्धको अनुयायी बनेर, बुद्धशासनमा प्रव्रजित भई शासनिक कार्यप्रति समर्पित यहाँको परिचय नेपाली बौद्ध जनमानसमा स्मरण योग्य रूपमा रहेको छ । बुद्धजयन्ती समारोह समिति, आनन्दकुटी विहारको आयोजनामा सम्पन्न भइरहेको स्थानीय एवं राष्ट्रिय कार्यक्रममा यहाँबाट निस्वार्थभावले पुऱ्याउनुभएको योगदानलाई कदर गरी बुद्धजयन्ती समारोह समिति सश्रद्धा मैत्रीपूर्वक यो धार्मिक सम्मान–पत्र अर्पण गर्दछ । २५५८ औं बुद्धजयन्तीको उपलक्ष्यमा सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाज्यूको प्रमुख आतिथ्यमा आयोजित यस गरिमामय बौद्ध सार्वजनिक सभामा यहाँलाई सम्मान गर्न पाउँदा बुद्ध जयन्ती समारोह समितिलाई धर्म गौरवको अनुभूति भइरहेको छ ।

यहाँको सुस्वास्थ्य एवं दीर्घायु कामना सहित यहाँलाई मैत्रीपूर्ण साधुवाद व्यक्त गर्दछ ।

| ............................ | ................................ | .............................. |
|---|---|---|
| महासचिव | प्रधानमन्त्री | अध्यक्ष |
| **गौतम शाक्य** | **सम्माननीय सुशील कोइराला** | **भिक्षु धर्ममूर्ति महास्थविर** |
| बुद्ध जयन्ती समारोह समिति | प्रमुख अतिथि | बुद्ध जयन्ती समारोह समिति |

**मितिः बु.सं. २५५८, ने.सं. ११३४ बैशाख पुन्हि**

**बि.सं. २०७१/०१/३१ गते बुधवार**

Downloaded from http://www.dhamma.digital